# लेखापरीक्षण प्रतिवेदन

# कमल गाउँपालिका, झापा

## आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कमल गाउँपालिका, झापा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/637

श्रीमान् अध्यक्षज्यू,

कमल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

झापा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/637

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,
कमल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रू.१ अर्ब ९८ करोड ७८ लाख ४९ हजार लेखापरीक्षण गर्दा रू.३ करोड २० लाख ३९ हजार (१.६१ प्रतिशत) बेरूजु देखिएकोमा प्रतिक्रियाबाट रू.८ लाख ४१ हजार बेरुजु सम्परीक्षण गरी रू.३ करोड ११ लाख ९८ बेरुजु कायम भएको छ। जसमध्ये असुल गर्नुपर्ने रू.१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रू.१ करोड, ८८ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २१ लाख १५ हजार, र पेस्की बाँकी रू.६७ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजु रू.१४ करोड ७९ लाख ९५ हजार मध्ये कुनै सम्परीक्षण हुन नसकि यसवर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरूजु रू.१७ करोड ९१ लाख ९३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ११२ | ७४ | ३,२०,३९,१५३ | ० | ३२ | ८,४१,२२९ | ० | ११२ | ४२ | ३,११,९७,९२४ | १,४९,३२४ | १,८८,६६,६१९ | १,२१,१४,९५५ | ० | ० | ३,०९,८१,५७४ | ६७,०२६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | १४,७९,९५,३८४ | ० | ० | १४,७९,९५,३८४ | ० | ३,११,९७,९२४ | १७,९१,९३,३०८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ६९.४ | सामाजिक सुरक्षा तथा संरक्षणतर्फ | २४,००० |
| २ | २०८१/८२ | ५४.८, ५४.९ र ५४.११ | शिक्षा तर्फ | २,२३,७३६ |
| ३ | २०८१/८२ | ६१.४ | लखनपुर स्वास्थ्य चौकी भवन निर्माण | ५०,००० |
| ४ | २०८१/८२ | ४७ | नर्मस विपरित खर्च | १०,११५ |
| ५ | २०८१/८२ | ४४.10, ४४.१२, ४४.१३ र ४४.१४ | गाउँपालिका चालुतर्फ | ३,७९,८१० |
| ६ | २०८१/८२ | ६५ | क्याम्पा- छाता चोक-समयगढी-सुनारा जोड्ने सडक कालोपत्रे | ५०,००० |
| ७ | २०८१/८२ | ६३ | कमल नगर हस्पिटल ट्रस निर्माण | ७५,६६८ |
| ८ | २०८१/८२ | ४३.६ | आन्तरिक आय तर्फ | २७,९०० |
| | | | | |

| | |
|---|---|
| जम्मा | ८,४१,२२९ |

# कमल गाउँपालिका, झापा

# ( ८०११२५०२३०० )

# कमल गाउँपालिका , झापा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ७ वडा र ३९ सभा सदस्य रहेका छन्। पालिकाको क्षेत्रफल१०४.५९ वर्ग किलोमिटर तथा १३१६५ घरधुरी, ८३.५ प्रतिशत साक्षरता दर र ५३८९४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१४ देखि २०८२।१०।१७ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** आयतर्फ रू. १,००,०१,०९,४६०.५६ र व्ययतर्फ रू. ९८,७७,३९,२६१.४३ गरि जम्मा रू. १,९८,७८,४८,७२१.९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९५५६० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | गंगाराम पौडेलको बढी भूक्तानी अशुली । | ८८६० |
| २ | विभिन्न बैठकको बढी भूक्तानी रकम अशुल भएको । | ७०१०० |
| ३ | विभिन्न बैठकको बढी भूक्तानी रकम अशुल भएको । | १६६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय प्रतिबेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरीएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोबारसुत्रमा लेखाङ्कन गरेको देखिँदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| | आय तर्फ | | | सि.नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको बैंक मौज्दात | | ५४८१९७२२.७ | १ | चालु खर्च | | ३८३३९९१४६ |
| | संचित कोष खाता | १६८७२०२३.५६ | | २ | पुँजीगत खर्च | | २३७८३१५५५ |
| | विविध कोष खाता | १४०७३१४३ | | ३ | विभिन्न कोष तर्फको खर्च | | ३३२४२२७७ |
| | धरौटी खाता | २०७४२४६२.१४ | | | धरौटी खाता फिर्ता | ३९५४३४४ | |
| | प्रकोप व्यवस्थापन कोष खाता | १५६९१४८ | | | विविध खर्च खाता | २६०६६७९७ | |
| | विविध खर्च खाता | १५६२९४६ | | | प्रकोप व्यवस्थापन कोष खाता | १८३०९११ | |
| २ | राजस्व प्राप्त | | १२४७७२४१३.४२ | | बिविध कोष खाता | १३९०२२५ | |
| | संघ राजस्व बाँडफाँट | १००३८४८०९.७४ | | ४ | अनुदान फिर्ता | | ५२६९६६३४.५१ |
| | प्रदेश राजस्व बाँडफाँट | ७५८८९४९.७८ | | | संघ शसर्त अनुदान | ४९२६४६६४.५१ | |
| | स्थानीय राजस्व बाँडफाँट | १६७९८६५३.९ | | | संघ समपुरक | १९३६१ | |
| ३ | आन्तरिक आय | | २७३६१८२१.१४ | | बिशेष अनुदान | २५६१६३७ | |
| ४ | संघबाट प्राप्त अनुदन | | ४६२६५८०२३ | | प्रदेश शसर्त अनुदान चालु पुँजीगत | ८४२३६७ | |
| | वित्तीय समानिकरण संघ | १३२३१७९२० | | | प्रदेश समपुरक | ८६०५ | |
| | ससर्त अनुदान चालु तथा पुँजीगत | ३०९६५१२०० | | ५ | बैक मौज्दात | | ६७१८९९२१.८३ |
| | समपुरक अनुदान | ४६८८९०३ | | | संचित कोष खाता | १८१९११३.७२ | |
| | विषेश अनुदान | १६०००००० | | | धरौटी खाता | २७७४१११९.१४ | |
| ५ | प्रदेशबाट प्राप्त अनुदानहरु | | ४९७२०२१० | | प्रकोप व्यवस्थापन कोष खाता | ७३८२३७ | |
| | ससर्त अनुदान (चालु तथा पँजीगत) | ३०९६८००० | | | विबिध कोप | १८४५७७०६ | |
| | वित्तीय समानिकरण अनुदान | ९१४३००० | | | विविध खर्च खाता | १२७९५७०३.२९ | |
| | समपूरक अनुदान | ९६०९२१० | | | चालु पुँजीगत | ५६३८०४२.६८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | कोष खाताहरु | | ५५०२७३४४ | ६ | अन्तर सरकारी हस्तान्तरण | | २८०५६९६४९.३ |
| | धरौटी खाता | १०९५३००१ | | | सामाजिक सुरक्षा कार्यक्रम | २६८७७७००१.३ | |
| | विविध खर्च खाता | ३७२९९५५४.६ | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२९५००० | |
| | प्रकोप व्यवस्थापन कोष | १०००००० | | | घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | १४९७९५० | |
| | बिबिध खर्च खाता | ५७७४७८८ | | | स्थानीय तह प्रशासकीय भवन | ६९९९६९८ | |
| ७ | अन्तर सरकारी हस्तान्तरण | | २८०५६९६४९.३ | | | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | २६८७७७००१.३ | | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२९५००० | | | | | |
| | घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | १४९७९५० | | | | | |
| | स्थानीय तह प्रशासकीय भवन | ६९९९६९८ | | | | | |
| | | जम्मा | १०५४९२९१८३ | | | | १०५४९२९१८३ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शीर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

| सि.नं. | शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | २६८७७७००१.३ | २६८७७७००१.३ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२९५००० | ३२९५००० |
| ३ | घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | १४९७९५० | १४९७९५० |
| ४ | स्थानीय तह प्रशासकीय भवन | ६९९९६९८ | ६९९९६९८ |
| | जम्मा | २८०५६९६४९.३ | २८०५६९६४९.३ |

## ४ दुई लेखाप्रणाली

एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS (Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

## ५ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. २,७३,६१,८२१.१४ राजस्व बाँडफाँटबाट रू. १२,४७,७२,४१३.४२, अनुदानबाट रु. ५१,२३,६९,६२८ तथा अन्य प्राप्तीबाट रू. ३९,०४,१६,७१५.४४ समेतमा रू. १,०५,४९,२०,५७८ प्राप्ती भएकोमा चालु तर्फ रु. ३८,३३,९९,१४५.६ तथा अन्यकोष तर्फको भुक्तानी रू. ३,३२,४२,२७७ र पुँजीगत तर्फ रू. २३,७८,३१,५५५ अन्तर सरकारी हस्तान्तरण रु. २८,०५,६९,६४९.३ समेत रु. ९३,५०,४२,६२६.९ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा रु. २.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६१.७२ प्रतिशत चालु र ३८.२९ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ।

## ६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट शीर्षक उपशीर्षक | कुल खर्च रु. | त्रैमासिक खर्च रु. | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| पुँजिगत खर्च | २३, ७८ , ३१ , ५५५ | १, १५ , ९४ , ८०४ | ३, ४८ , ४७ , ७१० | ५, ६४ , ६९ , ४१४ | १३, ४९ , १९ , ६२७ | ९, १० , ७९ , ५९३ |
| खर्च प्रतिशत | १०० | ४.८७ | १४.६५ | २३.७३ | ५६.७२ | ३८.३ |

जस अनुसार यो वर्ष पुँजीगततर्फ रू. २३ करोड ७८ लाख ३१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १,१५,९४,८०४ खर्च अर्थात ४.८७ खर्च प्रतिशत, दोस्रो त्रैमासिकमा रू. ३,४८,४७,७१० अर्थात १४.६५ प्रतिशत, तेस्रो त्रैमासिकमा रू. ५,६४,६९,४१४ अर्थात २३.७३ प्रतिशत र चौथो त्रैमासिकमा रू. १३,४९,१९,६२७ अर्थात ५६.७२ प्रतिशत खर्च गरेको देखियो । यसरी नै आषाढ महिनामा मात्र रू. ९,१०,७९,५९३ अर्थात ३८.३० प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ । वर्षान्तमा

हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थित

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७०४४००० | २९९७५२०१. | ४.८६ |
| २ | पूर्वाधार विकास | २०७६३८५०० | १८५१८२३७४. | ३०.०३ |
| ३ | सामाजिक विकास | ३५३३४७५०० | २९७४५७८५४.४२ | ४८.२४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५७७१००० | ८८४१८२१.५ | १.४४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८०००००० | ९५१०३९०७.७१ | १५.४३ |
| | जम्मा | ७२१८०१००० | ६१६५६११५८.६३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.२४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटी १.४४ प्रतिशत रहेको छ । पालिकाले आफ्नो आवधिक योजना मार्फत दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फ**

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• दिगो विकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

**खरिद व्यवस्थापनतर्फ**

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिबाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरीएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरो नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यउक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूको लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

**विविधतर्फ**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरीएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरीक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो बेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी

दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो बेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ

९ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू. १० करोड भन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू. २३,७८,३१,५५५ पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो । तर पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु. ७२ करोड ६८ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरीसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

११ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निधारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१३ **बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याँकन योजना समेत

तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वयन भएको पाइएन।

१४ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानुनी व्यवस्था देखिँदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष चालुबाट चालुमा र पुँजिगतबाट पुँजीगतमा समेत गरि जम्मा रु. ७२,६८,०१,००० रकमान्तर भएकोमा कुल बजेट रु. १,६३,२५,००० को २.२५ प्रतिशत रकमान्तर भएको पाइयो । यस सम्बन्धमा कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

१५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्षभुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गरी तथा यस वर्षको बजेटमा समावेश गरी पुँजीगत शीर्षकमा रु. २२,८४,७१८ र चालु शीर्षकहरुमा रु. ३,०७,००० गरि जम्मा रु. २५,९१,७१८ भुक्तानी भएको विवरण पेश भएको छ।

| सि नं | कार्यक्रमको नाम | पुँजीगत प्रकृतिको खर्च | चालु प्रकृतिको खर्च |
|---|---|---|---|
| १ | गाँउपालिकाको गति विधि तथा सूचनाहरु प्रकाश तथा प्रसारण | ० | १८००० |
| २ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन छायांकन तथा टलिभिजन प्रशारण | ० | २८९००० |
| ३ | बासबारी देखि सुनहारा सडक कालोपत्रे | ३००००० | ० |
| ४ | पाडाजुंगी चौकमा घुम्ती शौचालय | ९७४७१८ | ० |
| ५ | गुहेश्वरी मार्ग अधुरो ड्रेन निर्माण | ८०००० | ० |
| ६ | वाणी मा.वि शौचालय निर्माण | १३०००० | ० |
| ७ | बाह्यघरे वजार र सडक निर्माण वडा नं.७ | ७००००० | ० |
| ८ | पुष्पथिर प्रतिष्ठान व्यवस्थापन | १००००० | ० |
| | जम्मा | २२८४७१८ | ३०७००० |

१६ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

१७ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमशःसङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपूरकर विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित

सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | प्राप्त | खर्च | फिर्ता गरेको |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान चालु पुँजीगत | ३०९६५१२०० | २६०३८६५३५.४९ | ४९२६४६६४.५१ |
| | समपुरक | ४६८८९९०३ | ४६८८९९०३ | ० |
| | विशेष अनुदान | १६००००००० | १३४३८३६३ | २५६१६३७ |
| प्रदेश सरकार | शसर्त अनुदान चालु, पुँजीगत | ३०९६८००० | ३०१२५६३३ | ८४२३६७ |
| | समपूरक अनुदान | ९६०९२१० | ९६००६०५ | ८६०५ |
| जम्मा | | ४१३११८३१३ | ३६०४४१०३९.४९ | ५२६७७२७३.५१ |

१८ **अनुदानको अनुगमन**

समपूरक अनुदान कार्यविधि, २०८१ को बुँदा न १६ र बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा न १ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधिमा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाइ मार्फत नागरीक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। त्यसरी संचालित योजनाहरुको विनियोजित बजेट खर्च र त्यसको खर्च प्रतिशत देहाय बमोजिम छ।

| क्र.स. | स्रोत | संचालित योजनाहरु | बिनियोजित बजेट | खर्च बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संघको समपूरक अनुदान | १ | ५०००००० | ४६६९५४२ | ९३.३९ |
| २ | प्रदेश समपूरक अनुदान | २ | १०००००००० | ९५९२००० | ९५.९२ |
| | जम्मा | | १५०००००० | १४२६१५४२ | ९५.०८ |

उल्लिखित योजनाहरुको नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरीक समाज तथा सार्वजनिक सुनुवाइ मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिँदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

१९ **प्रकोप व्यवस्थापन कोष**

गाँउपालिका प्रकोष व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ४ मा कोषबाट खर्च गर्नको लागि विपद् जोखिम व्यवस्थापन समितिले निर्धारण गरे पश्चात खर्च गर्नुपर्ने यसरि खर्च गर्दा कार्यबिधिको बुदाँ नं. ४ मा उल्लेखित विपदबाट पिडित तथा प्रभावित ब्यक्ति,समुदायको लागि उद्धार,अस्थायी आवास,भरण पोषण,देहावसान भएका ब्यक्तिको काजकिरया एवम आर्थिक सहायता लगायतमा खर्च गर्न सकिने तथा कार्यबिधिको बुदाँ नं. ५ मा कुनै कर्मचारीलाई पारिश्रमिक वा सुविधा नियमित रुपमा, भ्रमण खर्च वा त्यस्तै प्रकारको खर्च, कसैलाई चन्दा पुरस्कार प्रदान गर्न र प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता प्रदान गर्न नसकिने प्रावधान राखेको पाइयो । पेश भएको कोषको आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु. १५,६९,१४८ यस बर्षको

प्राप्ती रु. १०,००,००० यस वर्षको खर्च रु. १८,३०,९११ खर्च भई रु. ७,३८,२३७ मौज्दात रहेको पाइयो। कोषबाट विपद्सँग असम्बन्धित निर्माणको काम, अनुगमनको खाजा खर्च, खरिद,पाइप खरिद जस्ता शिर्षकमा खर्च गरेकोले खर्च विपद्सँग सम्बन्धित भएको पुष्टि नहुने हुदाँ यस प्रकारको खर्चमा सुधार गर्नुपर्दछ। .

२० **मर्मत संभार कोष**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धि कार्यमा मात्र खर्च गर्न सकिने तथा उपभोक्ता समिति र वडा कार्यालय आदिबाट मर्मत सम्भारको लागि माग भइ आएका योजनाहरु र पालिकाले आवश्यक ठानेका योजनाहरु प्राथमिकताको आधारमा छनौट गरि तथा दफा ८ मा नगरभित्र रहेका भौतिक संरचनाहरुको मर्मत स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिने उल्लेख भएको छ । यसरि कार्यबिधिमा मर्मत संभारको लागि छनौट लगायत कार्यान्वयनको मापदण्ड निर्धारण गरेको छ । पालिकाले यस वर्ष मर्मत संभार कोषबाट रु. १०,७७,८७५ खर्च गरेको देखिन्छ। पालिकाले वार्षिक वजेटमा समावेश गरि संचलानमा ल्याउन सकिने योजना समेत खर्च गरेको देखिन्छ । यसरी तोक आदेशको आधारमा कोष संचालन कार्यविधिमा समेत कोषबाट खर्च हुने रकमको स्वीकृति गर्ने सम्बन्धमा उल्लेख नगरी योजना संचालन गरी खर्च गर्दा पारदर्शि प्रकृया अपनाएको देखिएन । मर्मत सम्भार कोषवाट आकस्मिक आएपर्ने मर्मत संभार कार्यमा खर्च गर्नु पर्नेमा कतिपय नयाँ योजना तथा योजना विना नै वडाको सिफारिसमा इन्धन माग इन्धन दिएको देखिएको छ । वार्षिक वजेटमा समावेश गरी संचालन गर्न सकिने योजनाहरुमा खर्च गरेको पाइयो।

२१ **बेरुजु अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुलको लगत राख्ने व्यवस्था छ । पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखीअद्यावधिकगर्नु पर्दछ ।

• म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत

• म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन

•म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख।

२२ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस वर्षसम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरीकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

| सि नं. | विवरण | सिफारिस संख्या(सेवा प्राप्त) |
|---|---|---|
| १ | जन्म दर्ता | ५६० |
| २ | मृत्यु दर्ता | ३८८ |
| ३ | सम्बन्ध विच्छेद | ९७ |
| ४ | बिबाह दर्ता | ४३८ |
| ५ | बसाई सराई आएको दर्ता संख्या | ३२४ |
| ६ | बसाई सराई गएको | २३० |
| ७ | नागरीकता सिफारिश | २१०५ |
| ९ | नाता प्रमाणीत | १२११ |
| १० | कालोपत्रे सडक निर्माण | ६.३५ कि.मि. |
| ११ | ग्राभेल सडक | २१ कि.मि. |
| १२ | कल्भट | ९ गटा |
| १३ | ब्लक सडक | ५२०० इस्कुवायर मिटर |

२३ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले १४ वटा ऐन, ३६ वटा कार्यविधी, ३ वटा नियमावली, ३ वटा निर्देशिका, १ वटा विधेयक र १ वटा आचार संहिता समेत जम्मा ५८ वटा पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वियन गर्नुपर्दछ।

२४ **न्यायिक समितिको कार्य सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ रहेको र यो वर्ष थप ३६ समेत जम्मा ४८ रहेकोमा ४० वटा फर्स्यौट भई ८ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२५ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोतनक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

२६ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि यस वर्षखर्च गरेको छैन। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२८ **धरौटी तर्फ**

पालिकाले पेश गरेको विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सारेको धरौटी मौज्दात रु. २,०७,४२,४६२.१४ मा यस वर्षको प्राप्ती रु. १,०९,५३,००१ समेत जम्मा रु. ३,१६,९५,४६३.१४ मा रु. ३९५४३४४ खर्च भई रु. २७७४१११९.१४ मौज्दात रहेको देखिएको छ। पालिकाको धरौटी मौज्दात रकममध्ये प्रयोजन नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नुपर्दछ।

२९ **भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन्। उपरोक्त बमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३० **पेश्की व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको सुत्र प्रणाली परिक्षण गर्दा म्याद ननाधेको रु. ८५,००,००० र म्याद नाघेको यस.आ.ब.मा फछौंट हुनुपर्ने रु. ६७०२६.५ समेत रु. ८५,६७,०२६.५ बाँकी रहेको देखिन्छ । म्याद नाघेको यस.आ.ब.मा फछौंट हुनुपर्ने रु. ६७०२६.५ नियमानुसार फर्स्यौट हुनुपर्दछ।

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको यस.आ.ब.मा फर्छौट हुनुपर्ने |
|---|---|---|---|---|---|
| १ | २०८२।२।२६ | विमा तथा नविकरण खर्च | सहायक पाँचौ श्री पर्वत भण्डारी | ० | १७०२६.५ |
| २ | २०८२।३।२५ | भूमि आयोग सम्बन्धि कार्यक्रम | आ.ले.प अधिकृत श्री टंक थापा | ० | ५०००० |
| ३ | २०८१।४।०१ | लखनपुर स्वास्थ्य चौकी भवन निर्माण | चारआली मा पाथिभरा इनोभेशन जे.भी. | ८००००० | ० |
| ४ | २०८१।६।१४ | गाँउपालिका प्रशासकीय भवन निर्माण | सारा सृष्टि निर्माण सेवा प्रा.ली. | ५२००००० | ० |
| ५ | २०८१।६।१४ | गाँउपालिका प्रशासकीय भवन निर्माणप | सारा सृष्टि निर्माण सेवा प्रा.ली. | २५००००० | ० |
| | | | जम्मा | ८५००००० | ६७०२६.५ |

| पेश्की | ६७,०२६ |
|---|---|

३१ **कार्यक्रम संञ्चालन**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, नियम ३९(८)मा उपनियम (७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरीएको मालसामानको विबरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन।यस्तो अबस्था गरीएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्यून हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ।

३२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

३३ **नक्शा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यवस्था छ । ऐनमा उक्त व्यवस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति जारी नै नगरेको स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरेको अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन । यस सम्बन्धमा आवश्यक जनशक्तिको अभाव तोकिएका कृयाकलापहरु संचालन गर्न नसकिएको भन्ने पालिकाको भनाई रहेको छ । पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

३४ **जिन्सी व्यवस्थापन तर्फ**

जिन्सी व्यवस्थापन तर्फ देखिएका वेहोराहरु

३४.१ **जिन्सी निरीक्षण प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने तथा लिलाम गर्नु पर्ने सामानहरु लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । मिति २०८२।५।८ तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार ल्यापटप ३, कम्प्युटर ७, प्रिन्टर १७, समेत १२८ थान लिलाम तथा ल्यापटप २, कम्प्युटर ५, प्रिन्टर १९ समेतका जम्मा ६५ थान सामान मर्मत गर्नुपर्ने उल्लेख छ । नियमानुसार जिन्सी सामानको लिलाम तथा मर्मत गर्नुपर्दछ।

३४.२ **जिन्सी मौज्दात जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५ (२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ । विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएकोमा आर्थिक वर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु

भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको जिन्सी सामाग्रीको सबै मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । नियमानुसार खप्ने सामानहरु PAMS version 2 मा सार्नुपर्दछ।

३४.३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र वर्गीकरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयबाट यकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिश्लेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । पालिकामा भु उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र वर्गीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

३४.४ **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय प्राप्त गरेको छैन । पालिकाले १ थान मिनिटिपर उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको देखिदैन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

### ३५ ईन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष चारपाङ्ग्रे ८ (स्कारपियो ३, दमकल १, एम्बुलेन्स १ पुलिस भ्यान १ ट्र्याक्टर २ समेत) १० मोटरसाइकल स्कुटर २ थान रहेकोमा इन्धन कार्यालय प्रयोजनकमा रु. १४,६२,४७४ पदाधिकारी इन्धनमा रु. २०,००,००० समेत गरी रु. ३४,६३,४७४ इन्धनमा खर्च गरेको छ । सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

### ३६ मर्मत सम्भार खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४ (क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र

म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । चारपाङ्ग्रे ८ (स्कारपियो ३, दमकल १, एम्बुलेन्स १ पुलिस भ्यान १ ट्रयाक्टर २ समेत) १० मोटरसाइकल स्कुटर २ थान उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. १८,३७,२६५ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो । तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अद्यावधिकगर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनुपर्छ।

३७ **अतिथि (बिबिध) सत्कार खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत अतिथि सत्कार वापत रू. १९,००,००० खर्च गरेको छ । जुन आन्तरिक आय रु. २,७३,६१,८२१.१४ को ६.९४ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

३८ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रु. ३२,३८,७३४ को कार्यालय मालसमान खरिद गरेको देखियो । खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

३९ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई अन्य संस्था सहायतामा रू. २४,२४,०६८ रहेको छ । जुन आन्तरिक आय रू. २,७३,६१,८२१.१४ को ८.८५ प्रतिशत हुनजान्छ । यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

४० **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू. ६६,९५,००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. २,७३,६१,८२१.१४ रहेको छ । जुन आन्तरिक आयको २४.४७ प्रतिशत बढी खर्च भएको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बिचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

४१ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कर्मचारी तथा पदाधिकारीको बैठक भत्ता रु. १२,२१,२०० खर्च भएको छ । जुन आन्तरिक आयको रु. २,७३,६१,८२१.१४ तुलनामा ४.४६ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

४२ **जनशक्ति व्यवस्थापन**

४२.१ **संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको मिति २०८१।११।१३ को गाँउसभाले स्थायी तर्फ ८९ करार सेवामा ४० जम्मा १२९ दरवन्दि स्विकृत गरि मिति २०८२।०२।१८ गते मा मुख्य तथा मन्त्रिपरिषको कार्यालय अन्तर्गतको प्रदेश निजामती कितावखानामा पद दर्ताको लागि पठाएकोमा पद दर्ता भई नसकेको भन्ने पालिकाको भनाई रहेको छ । कामको प्रकृति, सेवा प्रवाहको अवस्था तथा आन्तरिक स्रोत समेतको विश्लेषण गरि पद स्विकृत तथा पदपूर्ति गर्नुपर्दछ।

४२.२ **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश कितावखाना गठन नहुँदा सम्म प्रचलित कानुन बमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १८ कर्मचारीको रू. १,१९,६४,८९४ र पालिकाका ३५ कर्मचारीको रु. २,५०,३१,६१० समेत रु. ३,६९,९६,५०४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । यस सम्बन्धमा प्रदेश लेखा ईकाइ कार्यालय भद्रपुर झापामा पेश गरेकोमा पारित भई नआएकोले तलबी प्रतिवेदन हुन नसकेको भन्ने पालिकाको भनाई रहेको छ।

४२.३ **करारमा कर्मचारी तथा शिक्षक** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करार मार्फत सेवा लिन सकिने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष देहाय बमोजिमका विभिन्न पदमा ४२ कर्मचारी तथा शिक्षकहरु करारमा राखी रू. १२१८९९६९ खर्च लेखेको छ । साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो । कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नु पर्नेमा सो विपरित भएको यस्तो खर्च नियमसम्मत देखिएन।

| सि नं. | पद | संख्या | तलब प्रति व्याक्ति | वार्षिक तलब | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय नृत्य प्रशिक्षक | २ | ३०००० | ८००००० | |
| २ | सिलाई कटाई प्रशिक्षक | १ | २५००० | ३००००० | |
| ३ | भलिबल प्रशिक्षक | १ | ३२००० | १२८००० | २०८१।१२।०७ मा नियुक्ती |
| ४ | कम्प्युटर अपरेटर | १ | ३०२०० | २७१००० | २०८१।१२।०१ राजिनामा |
| ५ | सहायक कम्प्युटर अपरेटर | ८ | २८६१० | २९६०००० | २०८२।१२।०१ मा १ जना राजिनामा |
| ६ | निजी सचिव | १ | ३२९०२ | ४३७७२६ | |
| ७ | कानुनी परामर्श कर्ता | १ | ३२९०२ | ४३७७२६ | |
| ८ | अमिन | १ | २८६१० | ३८१९३० | |
| १२ | सुपरभाइजर | १ | १३००० | १५६००० | |
| १३ | वडा नागरिक सहायता कक्ष | ३ | | ५२२०३९ | वडा नं २, ६ र ७ मा १/१ जना कर्मचारी राखी भुक्तानी |
| १४ | पालिका शिक्षक | २२ | | ५७९५५४८ | १७ वटा सामुदायिक विद्यालयमा कार्यरत २२ जना पालिका शिक्षकको तलब बापत भुक्तानी |
| | जम्मा | ४२ | | १२१८९९६९ | |

| | |
|---|---|
| अनियमित भएको | १,२१,८९,९६९ |

४३ **आन्तरिक आय तर्फ**

आन्तरिक आय तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

४३.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३४,११,१८० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

४३.२ **आय प्राप्तिको अबस्था** - यस पालिकाबाट प्राप्त विवरणअनुसार बिगत ३ वर्षको राजश्व असुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

| आर्थिक वर्ष | असुली रकम |
|---|---|
| २०७९।८० | २, ४९ , ७७ , १८४.७३ |
| २०८०।८१ | २, २१ , ७[illegible] , ८७३.९६ |
| २०८१।८२ | २, ७३ , ६१ , ८२१.१४ |

उल्लिखित तालिका अनुसार राजश्व असुलीको अवस्थालाई अध्ययन गर्दा आर्थिक वर्ष २०७९।८० रु. २,४९,७७,१८४.७३ राजस्व संकलन भएकोमा आर्थिक वर्ष २०८०।८१ रु. २,२१,७४,८७३.९६ तथा आर्थिक वर्ष २०८१।८२ मा रु. २,७३,६१,८२१.१४ आम्दानी भएको छ। प्रत्येक वर्ष आन्तरिक आम्दानीको अवस्थामा बढोत्तरी भएको भएपनि आय वृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन सहितको प्रयास जारी रहनुपर्दछ।

४३.३ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीको परीक्षण गर्दा आन्तरिक आय रू. २,९७,००,००० आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. २,७३,६१,८२१.१४ आय प्राप्त गरेको छ । जुन अनुमानको अनुपातमा ९२.१३ प्रतिशत प्राप्त भएको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धिगर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | जम्मा आम्दानी |
|---|---|---|---|---|
| १ | १००१० | आन्तरिक श्रोत | ० | २१, ०८ , ५९४.९८ |
| २ | ११३१३ | सम्पती कर | ७५, ०० , ०००.०० | ७५, ६० , ०८९.२० |
| ३ | ११३१७ | वहाल कर | २०, ०० , ०००.०० | २८, ९७ , १८९.५२ |
| ४ | ११३१८ | वहाल विटौरी कर | ५, ०० , ०००.०० | ३, २३ , ८००.०० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २, ०० , ०००.०० | १,६००.०० |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५, ०० , ०००.०० | ० |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | ० | १०,०००.०० |
| ८ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ९,६००.०० |
| ९ | ११६९१ | अन्य कर | ० | २, ७१ , ६९०.४० |
| १० | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ० |
| ११ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ११, ९९ , ६६०.६५ |
| १२ | १४२२१ | न्यायिक दस्तूर | ५०,०००.०० | १३,६००.०० |
| १३ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ४, ०० , ०००.०० | ० |
| १४ | १४२२४ | परीक्षा शुल्क | १, ०० , ०००.०० | ० |
| १५ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ० | ४, १० , ६००.०० |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०, ०० , ०००.०० | १८, ३१ , ७६२.७९ |
| १७ | १४२४२ | नक्सापास दस्तुर | २०, ०० , ०००.०० | १०, ६४ , ३५३.०१ |
| १८ | १४२४३ | सिफारिश दस्तुर | ३०, ०० , ०००.०० | ४९, १७ , २०७.०१ |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४, ०० , ०००.०० | ९, ४१ , ५९०.०० |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | ३, ०० , ०००.०० | ० |
| २१ | १४२४९ | अन्य दस्तुर | २०, ०० , ०००.०० | १, ०१ , ७२६.३३ |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५, ०० , ०००.०० | ३४,२००.०० |
| २३ | १४२६५ | अन्य क्षेत्रको आय | २०, ०० , ०००.०० | ० |
| २४ | १४३११ | न्यायिक दण्ड , जरिवाना र जफत | ० | ३५,३६०.०० |
| २५ | १४३१२ | प्रशासनिक दण्ड , जरिवाना र जफत | २, ०० , ०००.०० | १, ८४ , ३५७.२५ |
| २६ | १४५२९ | अन्य राजस्व | ५०, ०० , ०००.०० | ४,८२५.०० |
| २७ | १४६११ | व्यवसाय कर | ० | ३४, ११ , १८०.०० |
| २८ | १५१११ | बेरुजु | ० | २८,८३५.०० |
| जम्मा | | | २, ९७ , ०० , ०००.०० | २, ७३ , ६१ , ८२१.१४ |

४३.४ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाँटको योग) | आन्तरिक आय रु. | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७३४१६२७६४.१२ | २,७३,६१,८२१.१४ | ३.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७३ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४३.५ **राजस्वको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अघिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोश्वरा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । उल्लेखित प्रतिवेदनहरु प्रणालीमै रहने जनाएता पनि प्रमाणित गरी नराखिएकोले पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

४३.६ **असुली गर्न बाँकी भाडा रकम**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **९,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रु **१८,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३.७ **नवीकरण शुल्क उठाउन बाँकी** - पालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पाप्त बिवरण अनुसार पालिकामा कति वटा इजाजतपत्र लिएका फर्महरु छन त्यसको अभिलेख राखेको छैन। उल्लिखित अभिलेखलाई व्यवस्थित वनाउनु पर्दछ।

४३.८ **आन्तरिक आय ठेक्का** - पालिकाले आन्तरिक आय विज्ञापन र स्थानीय पूर्वाधार उपभोगबाट आय संकलनको लागि मिति २०८१।०३। १४ सुचना प्रकाशन गरेकोमा कुनै पनि आवेदन नगरेको तथा पुन दोस्रो पटक मिति २०८१।०४।०२ सुचना प्रकाशन गर्दापनि कुनै आवेदन नपरेको उल्लेख छ । दुइपटक सम्म पनि सूचना आह्वान गर्दा पनि कुनै आवेदन नपरेकोले यस बर्ष कुनै पनि आय ठेक्का नलागेको भन्ने पालिकाको भनाइ रहेको छ।

४३.९ **चिया वगानको बक्यौता कर रकम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५(१) मा पालिकाले आफ्नो क्षेत्र भित्रको घर जगाको सम्पत्ति कर लगाउने, दफा ५५(२) वमोजिम सम्पत्ति कर लगाउदा घर र सो घरले चर्चेको जगामा सम्पत्ति कर लगाई बाँकी

जग्गा र घर नभएको अन्य जग्गामा ऐनको दफा ५६ वमोजिम भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा उल्लेखित कानुन बमोजिम यस पालिका अन्तर्गतका विभिन्न चिया वगानहरुको नाममा रहेको जग्गाको सम्पत्ति कर, वक्यौता घर जग्गा कर र सोमा लाग्ने जरिवाना समेतको विवरण माग गरिएकोमा त्यस्तो विवरण प्राप्त भएन । अतः पालिका अन्तर्गतका उल्लिखित विवरणहरु एकिन गरि अशुल गर्न बाँकी बक्यौता करको अभिलेखलाई व्यवस्थित गरि त्यस्तो कर संकलन गर्नुपर्दछ।

४३.१० **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले आर्थिक ऐन २०८१ को दफा ४ मा समेत यव वर्ष वहालमा लाग्ने संरचनाहरुमा अनुसूची वमोजिम वहाल कर असुल गरिने उल्लेख छ। पालिकाले यो वर्ष वहाल कर वापत रु. २० लाख आय अनुमान गरेकोमा रु. २८ लाख ९७ हजार असुली गरेको विवरण पेश भएको छ । पालिकाले वहाल कर तिर्ने करदाताको अभिलेख तयार गरी सवै करदाताले वहाल कर तिरे नतिरेको यकिन गरेको छैन । त्यसैगरी वहाल विटौरी कर वापत रु. ५ लाख आय अनुमान गरेकोमा रु. ३ लाख २३ हजार प्राप्ती भएको सुत्र प्रणालीबाट देखिन्छ । वहाल विटौरी वापत प्राप्त हुनुपर्ने वास्तविक रकम र वहालमा प्रदान गरिएका सरकारी जिन्सी सम्पत्तिहरुको व्यवस्थित अभिलेख तयार नगरेका कारण वहल विटौरीको वक्यौताका सम्वन्धमा यकिन गर्न सकिएन। पालिकाले वहाल कर तिर्न आएका वखत मात्र कर असुली गर्ने परिपाटि भएकाले पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

४३.११ **वक्यौता व्यवसाय कर तथा सोको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले व्यवसाय लगायतका करहरु सङ्कलन तथा सोको अभिलेखका लागि गाँउपालिकाको राजस्व सङ्कलन प्रणाली प्रयोग गरेको छ। सो प्रणालीमा व्यवसाय वक्यौताको अभिलेख माग गर्दा पालिकाले साविकमा राजस्व व्यवस्थापन प्रणाली प्रयोग गरेको र सोको शुल्क नवुझाएका कारण सो विवरण उपलब्ध नहुने जनाएको छ । लेखापरीक्षणमा राजस्व व्यवस्थापन प्रणाली परीक्षण गर्दा वक्यौता सम्वन्धि विवरण उपलब्ध भएन। यसबाट पालिकाले गत विगतवर्षहरु तथा यो आर्थिक वर्षमा व्यवसाय कर तिर्नुपर्ने वक्यौता रकमका सम्वन्धमा यकिन गर्न सकिएन। पालिकाले समेत प्रणालीमा सुचिकृत भएका व्यवसायिको कर वक्यौता यकिन गरेको देखिएन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायी यकिन गरी अभिलेख अध्यावधिक नभएकाले पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था देखिएन। पालिकाले व्यवसायकर वक्यौताको यकिन गर्ने अभिलेखलाई व्यवस्थित गरी सम्पुर्ण वक्यौता रकम प्रचलित कानून वमोजिम जरिवाना समेत लिई असुल गर्नुपर्दछ।

## ४४ गाउँपालिका चालुतर्फ

४४.१ **पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष विद्युतीय बोलपत्र तथा अन्य सन्देशमूलक सूचनाहरू प्रकाशन तथा छपाई कार्यका लागि रू.१३,४०,०९२ खर्च गरेको छ। नमूना परीक्षण गरी हेर्दा पालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च अनियमित देखिन्छ। अतः आगामी दिनमा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| सि नं | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | खर्च रकम |
|---|---|---|---|
| १ | ४३८/ २०८१।१०।१४ | सहारा एड्भरटाइजिङ्ग प्रा. लि. | १४२३८० |
| २ | ८४/ २०८१।६।२० | कान्तिपुर मिडीया सर्भिस, विराटनगर | १९९३३२ |
| ३ | ८८/ २०८१।६।२० | उत्सव मिडिया प्रा.लि. | ७११९० |
| ४ | १८६/ २०८१।८।४ | कान्तिपरु मिडिया प्रा.लि. | १४११९४ |
| ५ | २५८/ २०८१।८।२७ | रोजी एड्भर्टाइजिङ्ग एजेन्सी | १३७६३४ |
| ६ | २७४/ २०८१।९।२४ | शुभानी एडभरटाइजिङ्ग | १६१३६४ |
| ७ | ५८३/ २०८१।११।२० | पानस मिडिया सर्भिस | ९२२०८ |
| ८ | ५९५/ २०८१।११।२२ | पानस मिडिया सर्भिस | ७११९० |
| ९ | १११४/ २०८२।२।४ | कान्तिपुर मिडीया सर्भिस | ७७१२२ |
| जम्मा | | | १०,९३,६१४ |

४४.२ **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन। पालिकाले गाउँपालिका चालु शीर्षकबाट विभिन्न सरकारी कार्यालयको भवन निर्माण, मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण, अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। साथै यस्तो खर्च पालिकाबाट नियमित हुनुपर्दछ।

| सि.नं. | गो. भौ. नं./मिति र ब.उ.शिनं | अन्य कार्यालयको नाम | कामको बिवरण | भुक्तानी रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४५३/ १०।१८ समानिकरण अनुदान | मदन भण्डारी प्राविधिक शिक्षालय, उर्लाबारी | मदन भण्डारी प्राविधिक शिक्षालय उर्लाबारी, ऋण अनुदान | २,००,००० | |
| २. | ४७२/१०।२१ | वडा नं.५ स्थित पाथिभरा शसस्त्र प्रहरी बल गण | वडा नं.५ स्थित पाथिभरा शसस्त्र प्रहरी बल गण भित्र पार्किङ निर्माणको लागि आवाज सप्लायर्स एण्ड ट्रेडर्स दमकलाई भुक्तानी | ९९,६९६ | |
| ३. | ५२०/ ११।४/ राजश्व बाँडफाँड/ ka-2-6: bibidha/cko.le.ni.ka. | मालपोत कार्यालय, दमक | स्रेस्ता व्यवस्थापनका लागि चालु अनुदान वापतको रकम मालपोत कार्यालय दमकलाई भुक्तानी भएको | २,००,००० | को. ले. नि. का विविध कोष खातामा भुक्तानी भएको |
| ४. | ७७३/ १२।११ | अस्थाइ प्रहरी पोष्ट बाह्रघरे, कमल-७ | घरभाडा बापतको रकम घर धनी पञ्चमाया राईलाई भुक्तानी गरेको | १,४४,००० | मासिक रू. १२,००० का दरले एक वर्षको |
| जम्मा | | | | ६,४३,६९६ | |

| | |
|---|---|
| अनियमित भएको | ६,४३,६९६ |

४४.३ **स्वास्थ्य बिमा कार्यक्रम** - गाउँपालिकाले पालिका भित्रका विपन्न परिवारको नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम बापत ३३९ विपन्न परिवारको बिमा शुल्क रकम रू.११,७६,००० भुक्तानी गरेको छ। नेपाल सरकारको समानीकरण अनुदानबाट प्राप्त बजेटबाट यस्तो खर्च

भुक्तानी भएकोमा विपन्नता छनौटको स्पष्ट आधार तथा मापदण्ड तय गरेको देखिएन। सिंगो पालिकाले बजेट विनियोजन गरी कार्यक्रम संचालन गरेकोमा पुनः सोही प्रयोजनको लागि वडा नं ३ ले "विपन्न नागरिक स्वास्थ्य बिमा ५० प्रतिशत अनुदान" कार्यक्रम शीर्षकबाट रू ४९,००० खर्च गरेको देखिन्छ। अर्को तर्फ पालिकाको वडा नं १ ले "एक घर एक स्वास्थ्य बिमा" कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएका वडा भित्रका सम्पूर्ण घर परिवारको वार्षिक स्वास्थ्य बिमा शुल्क बापतको रू.३,५०० को ४३% ले हुने रकम रू.१,५०० बराबरको रकम रू.९,९९,००० वार्षिक भुक्तानी गरेको छ। यसै गरि "अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य बिमा ५० प्रतिशत साझेदारीमा ३६४ जना (ख वर्गका सबै जना र ग र घ वर्गका विपन्नहरुका लागि मात्र)" शीर्षकबाट रू. ६,३७,००० खर्च गरेको छ। यसरी एउटै शीर्षकमा पटक पटक विभन्न कार्यक्रम राखी भुक्तानी गर्दा खर्चमा दोहोरोपना हुन सक्ने देखिन्छ। लाभग्राहीहरूको छनौट सम्बन्धमा स्पष्ट आधार लिएको देखिएन। दोहोरो भुक्तानी भए नभएको यकिन गर्ने कुनै मापदण्ड तथा स्वघोषणा तयार गरी लागू गरेको समेत देखिएन। कानुन, कार्यविधि, छनौटको मापदण्ड तथा आवश्यकता पहिचान वेगर पालिकाको आफ्नै कार्यक्रम सँग दोहोरो पर्ने गरी वडागत कार्यक्रम राख्दा बजेटको सही सदुपयोग नहुन सक्छ ।अतः पालिकाले यस्ता प्रकृतिका वितरणकारी कार्यक्रम तय गर्दा सबै वडाको आवश्यकता र पहिचान यकिन गरि स्पष्ट मापदण्ड र कार्यविधिका आधारमा गर्नुपर्दछ।

४४.४ **सिँचाइ मिटरमा बील ५० प्रतिशत अनुदान** ११८१/२।२९ - सार्वजनिक कोषबाट खर्च गर्दा आवश्यकता तथा अनिवार्य दायित्वलाई समेत ख्याल गरी मितव्ययी तवरबाट खर्च गर्नुपर्दछ। विभिन्न प्रकारका वितरणकारी कार्यक्रम संचालन गर्नु अघि त्यस्तो वितरणको मापदण्ड तथा कार्यविधि निर्माण गरी सोही मापडण्डको सीमा भित्र रही वितरण गर्नुपर्दछ। पालिकाले सिँचाइ मिटर बील ५० प्रतिशत अनुदान शीर्षकबाट यस वर्ष रू ६,७५,००० खर्च लेखेको छ। कृषकको माग बमोजिम उक्त रकम नगदै भुक्तानी गर्ने प्रयोजनार्थ कृषि प्राविधिक मार्फत कृषकलाई नगदै भुक्तानी भएको देखिन्छ। यसरी संचालित कार्यक्रममा व्यक्तिलाई भन्दा पनि सम्बन्धी पार्टीलाई सोझै भुक्तानी गर्नुपर्दछ।

४४.५ **कर छुट**- आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका व्यक्तिलाई विभिन्न मुद्दा मामिलाको न्यायिक निकायमा मुद्दा दर्ता तथा रिटको प्रतिरक्षाको लागि पालिकद्वारा निर्धारण गरिएको शुल्क बापतको खर्चमा अग्रिम कर कट्टाबापत १५ प्रतिशत कर कट्टा गरि भुक्तानी गर्नुपर्नेमा त्यस्तो कर रकम कट्टा गरेको नदेखिएकोले सो रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,८१९ |

४४.६ **परामर्श खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर तथा अन्य कार्यहरुको अध्ययन, अनुसन्धान र परमर्श सेवा प्राप्त गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नुपर्दछ। डि.पी.आर. तथा अध्ययन प्रतिबेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा बिषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा बिषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार परामर्शदाताबाट कार्य गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र अन्य प्रतिबेदनहरुलाई कार्यान्वियनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ। पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र यस्ता बिषयगत प्रतिबेदन तयार गर्ने र आवश्यकता बेगर प्रतिबेदन बनाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ। यसका केही उदाहण निम्नानुसार छनः-

| सि.नं. | गो.भौ./ मिति | परामर्शदाताको नाम | अध्ययनको/ परामर्शको बिषय | लागत अनुमान | भुक्तानी रकम (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | ६८/ २०८१।६।१८ | हिमशिखर टेलिभिजन, दमक | सार्वजनिक सुनुवाइ | २९८००० | २८९००० |
| २. | ९१५/ २०८२।१।९ | भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.दमक | सार्वजनिक सुनुवाइ | लागत अनुमान तयार नभएको | १४८,०९७ |
| ३. | ९२७/ २०८२।१।११ | साझेदारी विकास नेपाल,ललितपुर | लैंगिक बजेट परीक्षण | लागत अनुमान तयार नभएको | १४८००० |
| ४. | १०९८/ २०८२।२।१३ | पूर्वन्युज मिडिया प्रा.लि.दमक | सामाजिक परीक्षण | लागत अनुमान तयार नभएको | २९८,८५० |
| ५. | १२२६/ २०८२।३।३ | पाथिभरा कुलिनरी आर्ट प्रा.लि.,दमक | ड्राइभिङ्ग तालिम | २००,००० | १९८,९९९ |
| ६. | १२३७/ २०८२।३।५ | कुइनेटो मिडिया प्रा.लि.,केरखा | सन्तानकोलागि आमा कार्यक्रम संचालन | लागत अनुमान तयार नभएको | ३२३,५०० |
| ७. | १४२८/ २०८२।३।२० | भिन्न मिडिया प्रा.लि.,दमक | सार्वजनिक सुनुवाइ | लागत अनुमान तयार नभएको | १४८०९७ |
| ८. | १५०२/ २०८२।३।२३ | सप्तरंगी एफ एम प्रा.लि,दमक | स्थानीय संचार रेडियो पत्रपत्रिका, कार्क्रम उत्पादन | लागत अनुमान तयार नभएको | १,५६,००० |

४४.७ **अन्तर पालिका फुटबल प्रतियोगिता** ५६४/२०८१।११।१९ - कमल गाउँपलिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ लगायतका अन्य कुनै पनि कार्यविधि तथा मापदण्डमा खेलकुदमा हुने खर्च सम्बन्धमा खर्चको सीमा निर्धारण भएको देखिएन। पालिकाले यस वर्ष झापा जिल्ला अन्तर पालिका कर्मचारी फुटबल प्रतियोगित संचालन बापत रू.८,६३,३८३ खर्च गरेको छ। कुनै पनि खेलकुद कार्यक्रम आयोजना गर्दा वा सहभागिता जनाउँदा उक्त खेलकुद कार्यक्रमको स्तर बमोजिम कुन कुन शीर्षकमा के कसरी खर्च गर्ने/हुने भन्ने सम्बन्धमा मापदण्ड वेगर यसरी खर्च गर्नु नियम सम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ८,६३,३८३ |

४४.८ **वितरणकारी खर्च** – स्थानीय सरकारले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। वितरणमुखी तथा अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिनेगरी सीमित स्रोत साधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने गरि बजेट परिचालन गर्नुपर्दछ। यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी उल्लिखित उद्देश्य अनुसार उपलब्धि मुलक भएको देखिएन। अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमुखी क्षेत्रमा परिचालन गर्नुपर्दछ। यसका केही उदाहरण निम्नानुसार छन्ः-

| गो.भौ.नं/ मिति | ब.उ.सि.नं/ स्रोत | भुक्तानी पाउने | भुक्तानी रकम | सहायता तथा कार्यक्रम एवं प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| विभिन्न | समानीकरण अनुदान | विभिन्न मृतक परिवार | ४,४५,४०० | आर्थिक सहयोग सहित समवेदना कार्यक्रम | वडा नं २ मा संचालित कार्यक्रम |
| विभिन्न | एक घर एक स्वास्थ्य बिमा ४३ % प्रतिशत अनुदान | वडा नं एकका विपन्न नागरिकहरू | ११,७६,००० | विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम | वडा नं १ मा संचालित कार्यक्रम |
| १२६६/ २०८२ । ३ । ९ | विपन्न परिवारको लागि खानेपानी धारा जडान | लखनपुर खानेपानी तथा सरसफाइ उ.स. | ३००००० | विपन्न परिवारको लागि खानेपानी धारा जडान,लखनपुर | |
| १२७५/ २०८२ । ३ । ११ | विपन्न परिवारको लागि खानेपानी धारा जडान | लखनपुर खानेपानी तथा सरसफाइ उ.स. | ३९०००० | विमन्न परिवारको लागि खानेपानी धारा जडान,लखनपुर | |

४४.९ **कर्मचारीको स्वास्थ्य बिमा** - गाउँपालिकाले कर्मचारीको स्वास्थ्य बिमा बापतको शुल्क भुक्तानी सम्बन्धमा कुनै कानुन कार्यविधि तथा निर्देशिका तयार गरेको देखिएन। पालिकाले पालिकामा कार्यरत सम्पूर्ण (१२५ जना) कर्मचारीको स्वास्थ्य बिमा बापत प्रति ब्यक्ति वार्षिक रू.३,५०० का दरले जम्मा रू. ४०२,५०० भुक्तानी गरेको छ। नेपाल सरकारको समानीकरण अनुदानबाट प्राप्त रकमबाट वार्षिक बजेटमा समाबेस गरी त्यस्तो रकम सम्बन्धित कर्मचारिको खातामा नै भुक्तानी भएको देखिन्छ । बिमा अभिकर्ता मार्फत स्वास्थ्य बिमा बोर्डमा भुक्तानी नगरी सम्बन्धित कर्मचारिको खातामा भुक्तानी भएकोले वितरित रकम सोही प्रयोजनमा खर्च भएको भनि विश्वस्त हुन सकिएन। कार्यविधि तथा आवश्यकता पहिचान बेगर नेपाल सरकारको समानीकरण अनुदानबाट प्राप्त रकमबाट यसरी कर्मचारिको सुविधाको रुपमा स्वास्थ्य बिमा बापत रकम भुक्तानी गर्नु नियम सम्मत देखिएन।

| अनियमित भएको | ४,०२,५०० |
|---|---|

४४.१० **खाजा खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१११,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **११२,०७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१११,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४४.११ **मसलन्द खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।यस वर्ष पालिकाले मसलन्द तथा कार्यालय सामग्री शीर्षकमा रू.२८,१९,२६४ खर्च गरेको छ ।नमुना परीक्षण गरी हेर्दा पालिकाले मसलन्द तथा कार्यालय सम्बन्धी सामग्री खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सोझै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान विपरित टुक्रा पारी खरिदगर्ने कार्य देखिएकोले यस्तो प्रकारको कार्यमा नियन्त्रण गर्दै खरिदमा कानुनको पालना हुनुपर्दछ।

| भौ नं / मिति | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|
| ५३६/ २०८१। ११।११ | ज्ञानोदय प्रिन्टिङ्ग प्रेस, दमक | १९६,२६९ | मसलन्द तथा कार्यालय सामग्रीसँग सम्बन्धि एउटै प्रकृतिका सामान पनि टुक्रा पारी खरिद भएको |
| १४६/ २०८१। ७।१२ | जे पि मिडिया प्रा.लि.इटहरी | २२६,००० | |
| ५६२/ २०८१। ११।१८ | पानस सप्लायर्स एण्ड ट्रेडर्स,दमक | ७१०,६०० | |
| १२५८/ २०८२। ३।७ | सफल ट्रेड एण्ड सप्लायर्स,दमक | १९२,६१९ | |
| १३४५/ २०८२। ३।१७ | श्री ज्ञानोदय प्रिन्टिङ्ग प्रेस, दमक | ६,०४,२२७ | |
| २७१/ २०८१। ९।४ | पानस सप्लायर्स एण्ड ट्रेडर्स,दमक | ७२,२९७ | |
| जम्मा | | २०,०२,०१२ | |

४४.१२ **दरभाउपत्र मुल्याङ्कन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४.१३ **बोलपत्र मुल्याङ्कन समितिको बैठक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४.१४ **मू.अ.कर छुट**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३१,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४.१५

**क्यालेन्डर छपाइ** ११७४/२०८२।२।२८ - स्थानी यसरकारले वितरणमुखी एवं अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोगको सुनिश्चिता हुने गरी बजेट परिचालन गर्नुपर्दछ। यस पालिकाको वडा नं. १ ले आर्थिक वर्ष २०८१।८२ को क्यालेन्डर छपाइ वापत १५०० थान क्यालेन्डरको रू.६५.९९ का दरले जम्मा रू.९८,९८८ खर्च गरेको छ। वडा कार्यालयको सम्पूर्ण कार्यक्रम तथा विकास निर्माण सँग सम्बन्धित विषय वस्तु पालिकाबाट संचालित तथा नियन्त्रित हुने भएकोले वडागत रुपमा यस्ता शीर्षकमा खर्च गरिनु औचित्यपूर्ण देखिंदैन। यस पालिकाको वडा कार्यलयहरू छुट्टै कस्ट सेन्टरको रुपमा नरहेको तथा क्यालेन्डर छपाइ गरि वडाको लागि मात्रै छुट्टै महत्वपूर्ण सूचना तथा कार्यक्रमको जानकारी गराउने एवं विदा घोषणा गर्न सक्ने यसको अलग्गै कार्यप्रकृति तथा कार्यक्षेत्र समेत देखिएन। अतः पालिकाले यस्ता प्रकारको असान्दर्भिक खर्चमा नियन्त्रण गर्नुपर्दछ।

## ४५ **क्षमता विकास तालिम १७३/२०८१।७।२९**

४५.१ गाउँपालिकाले मिति २०८१ कार्तिक ९-११ सम्म इलाममा संचालित जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी ३ दिने तालिम संचालन बापत रू. ५५६,९६१ खर्च लेखेको छ । यस सम्बन्धमा देखिएको बेहोराहरू निम्नानुसार छन्:-

४५.२ **निर्देशिका विपरित खर्च** - कमल गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. १४(१) मा तालिम/गोष्ठी/सेमिनार जस्ता कार्यक्रमहरू उपलब्ध भए सम्म सरकारी हलमा नै सञ्चालन गर्नुपर्ने बेहोरा उल्लेख छ ।यसैगरी सोही कार्यविधिको बुँदा नं. १४(३) मा प्राविधिक विशेषज्ञ आवश्यक पर्ने वा सेसन सञ्चालनमा आधाभन्दा बढी विज्ञ बाहिरबाट लिनु पर्ने अवस्थामा वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रम कार्यालयबाट सोझै सञ्चालन गर्न नसिकिने भएमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिमको प्रकृयाबाट सेवा खरिद गरि तालिम गोष्ठी सञ्चालन गर्न सकिने उल्लेख छ। पालिकाले इलामको कन्याममा सञ्चालित उक्त तालिम कार्यक्रमा यस कार्यविधिमा उल्लेखित कुनै पनि प्रावधान अवलम्बन गरेको देखिएन। यसैगरि खर्चको विश्लेषण गर्दा होटल विल बापत र प्रशिक्षकको पारिश्रमिक तथा दैनिक भ्रमण खर्च बापत ठूलो रकम खर्च भएको देखिन्छ। उक्त तालिमको विषय बस्तु तथा प्रशिक्षकले पेश गरेको शैक्षिक योग्यतालाई हेर्दा हवाइ सुविधा उपलब्ध गराइ टाढाबाट विज्ञ झिकाउनु पर्ने वाध्यात्मक अवस्था सिर्जना भएको समेत देखिंदैन। पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउने प्रयास गरेको देखिएन। अतः निर्देशिकाको पालना नगरी खर्च भएको रकम अनियमित देखिन्छ।

| | |
|---|---|
| अनियमित भएको | ५,५६,९६१ |

४५.३ **पारिश्रमिक बढी भुक्तानी** - उक्त कार्यक्रममा प्रशिक्षक द्वय श्री योगराज थपलिया (गाउँले) र श्री सुमित्रा अधिकारीलाई भुक्तानी भएको पारिश्रमिक तथा अन्य सुविधा बापतको रकम अर्थ मन्त्रालयद्वारा जारी भएको कार्य संचालन निर्देशिका, २०८१ तथा कमल गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७८ को प्रावधान विपरित देखिएकोले यस्तो रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

| खर्च शीर्षक | भुक्तानी पाउने | पालिकाको नर्म्स (प्रति शेसन) | कार्य संचालन निर्देशिका, २०८१ (प्रति शेसन) | भुक्तानी भएको दर | शेसन संख्या | बढी भुक्तानी (पालिकाको नर्म्स बमोजिम) | बढी भुक्तानी असुल गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| प्रशिक्षक पारिश्रमिक | श्री योगराज थपलिया | ३००० | १४०० | ३४०० | ६ | ४०० | २४०० | पालिकाको नर्म्स भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने |
| | श्री सुमित्रा अधिकारी | ३००० | १४०० | ३४०० | ६ | ४०० | २४०० | |
| प्रतिवेदक | श्री योगराज थपलिया | | | | | | २००० | प्रति कार्यक्रम ३००० मा नबढ्ने गरि भुकतानी गर्न सकिने तर दोहोरो सुविधा लिन नपाइने |
| | श्री सुमित्रा अधिकारी | | | | | | २००० | |
| जम्मा | | | | | | | ८,८०० | |

| असुल गर्नुपर्ने | ८,८०० |
|---|---|

४५.४ **भ्रमण तथा यातायात खर्च बढी भुक्तानी** - प्रशिक्षक द्वयले पेश गरेको भ्रमण विलमा काठमाडौ देखि झापा सम्मको यात्रालाई २ दिनको भ्रमण खर्च पेश गरी प्रति व्यक्ति रू.३२०० भुक्तानी लिएको देखिन्छ। पेश भोएको भ्रमण विलबाट हवाइ मार्ग प्रयोग गरेको देखिएकोले काठमाडौ देखि झापा सम्मको यात्रालाई २ दिनको भ्रमण भत्ता बापत खर्च भुक्तानी गर्नु औचित्यपूर्ण देखिएन। यसै गरी झापादेखि काठमाडौ सम्मको यात्रामा माइक्रो बसको भाडा बापत प्रति व्यक्ति रू.३००० भुक्तानी भएकोमा त्यस्तो खर्च पुष्टी गर्ने टिकट पेश हुन सकेन। अतः प्रति व्यक्ति बढी भुक्तानी भएको एक दिनको दैनिक भ्रमण खर्च बापतको रू.१६०० र माइक्रो बसको भाडा बापत भुक्तानी भएको रू.३००० गरि जम्मा रू.४६०० को दरले २ जनाको रू.९२०० सम्बन्धित ब्यक्तिबाट असुल गर्नुपर्दछ।

| असुल गर्नुपर्ने | ९,२०० |
|---|---|

४६ **योजनाको कार्यक्षेत्र**

संघीय सशर्त चालु ८५-२०८१।११।२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । वार्ड नं. २ खानेपानी पाइपलाईन विस्तार आयोजनाको लागि प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट रु. ३९४१२ भुक्तानी भएको पाइन्छ । उक्त आयोजना पालिकाको नभएको र यसको कार्यक्षेत्र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको उपभोक्ता समितिले जनश्रमदानबाट गर्ने कार्यक्रमा पालिकाले कार्य गराई रकम भुक्तानी गर्नु नियम सम्मत नभएकोले उक्त रकम असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ३९,४१२ |
|---|---|

४७ **नर्मस विपरित खर्च**

अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०८१ को बुदा १९ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकाय गाँउपालिकाबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम संचालन भएमा कार्यपत्रको रु. १००० मात्र पाउने र अन्य निकायका स्रोत व्यक्ति भएमा कार्यपत्र वापत रु. १००० र कक्षा लिए वापत रु. ४०० भुक्तानी गर्न सकिने तथा सहायक स्तरको तालिममा कार्यालयका कर्मचारी प्रशिक्षक भएमा कक्षा लिए बापतको रकम नपाउने तर कार्यपत्र वापतको रु. ७००

पाउने तर बाह्यय प्रशिक्षक भएमा कार्यपत्रको र ७०० र कक्षा लिएको रु. ६०० पाउने नर्मसमा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

| भौ. नं . | कार्यक्रमको नाम | नाम पद | नर्मस अनुसार पाउने रकम | भुक्तानी रकम | बढि भुक्तानी कर कटाई |
|---|---|---|---|---|---|
| ३१५-२०८२।३।१ | स्वरोजगार प्रर्वधन तथा उद्यमशिलता विकास तालिम | बाह्यय प्रशिक्षक दिवस कुमार चौधरी | रु. १३०० का दरले १४ कक्षाको रु . १८२०० | २९००० | ९१८० |
| | सहायक स्तर | बाह्यय प्रशिक्षक आनन्द सिंह खवास | रु.१३०० का दरले १४ कक्षाको रु. १८२०० | २८००० | ८३३० |
| ३२०-२०८२।३।२ | विप्रेषण व्यवस्थापन तालिम<br>सहायक स्तर | बाह्यय प्रशिक्षक श्री दुर्गा कुमारी दास | रु.१३०० का दरले १२ कक्षाको रु. १५६०० | २५००० | ७९९० |
| | | | | जम्मा | २५५०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

४८ **स्पेशिफिकेशन तयारी तथा प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा कार्यालयले मालसामान खरिद गर्दा स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ भने नियम ११५(१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेशन, गुणस्तर र परिमाण तोकिए बमोजिम भए नभएको परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका फर्महरुबाट सिलाई मेशिन खरिद गरेकोमा स्पेशिफिकेशन तयार नगरी खरिद गरेको पाइयो । यसरी मालसामान खरिद गर्दा स्पेशिफिकेशन तयार नगरि खरिद गर्नु नियमसम्मत देखिएन ।

| भौनं. मिति | फर्मको नाम | रकम |
|---|---|---|
| २६८-२०८२।२।४ संघीय चालु | सिंगार सिलाइ मेशिन | ११९९४८ |
| २६९-२०८२।२।४ संघीय चालु | सिंगार सिलाइ मेशिन | ८४००० |
| ९०२-२०८२।१।८ पुँजिगत | सिंगार सिलाइ मेशिन | २०९८५७ |
| | जम्मा | ४१३८५७ |

| | |
|---|---|
| अनियमित भएको | ४,१३,८५७ |

४९ **नपुग अग्रिम कर**

नपुग अग्रिम कर - (संघीय सशर्त चालु) ३८२-२०८२।३।२३ आयकर ऐन 2058 को दफा ८८ मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले किसान सुचिकरण कार्यको लागि गणक नियुक्ति गरी रकम भुक्तानी गरेकोमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको पाइएकोले ऐन अनुसार १५ प्रतिशत कर कट्टी नगरि भुक्तानी भएको नपुग कर रकम असुल हुनुपर्दछ।

| नाम | भुक्तानी रकम | कर रकम | कट्टी रकम | नपुग रकम |
|---|---|---|---|---|
| श्री भोजराज कट्टवाल | २१६७५ | ३२५१ | ३२५ | २९२६ |
| श्री विना प्याकुरेल | ६४२०० | ९६३० | ९६३ | ८६६७ |
| जम्मा | | | | ११५९३ |

| असुल गर्नुपर्ने | ११,५९३ |
|---|---|

## ५० स्पट छनौटलागि गाडि रिजर्भ

(संघीय सशर्त चालु) ३००-२०८२।३।२३ आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (९) बमोजिम कार्यलयले चालु आर्थीक वर्षको विनियोजत बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु हुदैन भन्ने उल्लेख छ।अर्न्तगत संञ्जालको असल अभ्यास अवलोकन भ्रमण अन्तरपालिका अर्न्तगत सुर्योदय नगरपालिकामा भएकोमा स्पट छनौट गरेको भनी गाडि रिर्जभ वापत थप रु. ९००० सामाजिक परिचालक विद्यापति चौलागाइलाई भुक्तानी भएको छ । सुर्योदय नगरपालिका मेची हाइवेको बिचमा रहेको र यो क्षेत्रको जानकारी सवैजसो भ्रमणको सहभागीलाई थाहाभएको तथा नर्म्समा उक्त खर्च लेख्ने व्यवस्था नभएकोमा स्पट छनौटमा ११ दिन अगाडीको गाडी रिर्जमको विल पेश गर्नु उपर्युत्त नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ९,००० |
|---|---|

## ५१ कृषि तथा पशु सेवा तर्फको अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार पालिकाले यस वर्षदेहाय बमोजिम कृषि अनुदानमा रु. २,३३,७९,९०० र पशु अनुदानमा रु. ३४,००,००० गरी जम्मा रु. २,६७,७९,९०० अनुदान उपलब्ध गराएको पाइयो। पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धीको मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान रकम सार्वजनिकीकरण गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तथा अनुदानग्राहीको नाम ठेगाना समेतको विवरण वेयवसाइडमा राख्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५२ साना तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०,११,१२,१४ र ८८ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६, बमोजिम खरिद गर्दा तोकिएको ढाँचामा लागत अनुमान तयार गरि खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाले घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम तर्फ कफि मेशिन/गाइन्डर मेशीन खरिद गरेवापत जे.के. सप्लायर्स दमकलाई रु. ४,४९,७४० (मू.अ.कर समेत) भूक्तानी दिएको छ । साथै ५२ दिने कफि बनाउने एबं व्यूटिसियन तालिममा ३ वटा प्रस्तावदातासँग प्रस्ताव लिई संचालन गरेबापत कम प्रस्तावदाता भूमिका सिप विकास तालिम केन्द्र दमकलाई रु. ४,४९,८९० (मू.अ.कर समेत) भूक्तानी गरेकोमा कार्यक्रमको लागत अनुमान तयार नगरी कार्यक्रम संचालन गरेको छ । खरिद विधि छनौट गर्दा आवश्यकता पहिचाहन गरी जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरेपछि मात्र खरिद विधि छनौट गर्नुपर्छ भनि कोष तथा लेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको छ । उल्लिखित कानुनको पालना हुनुपर्दछ।

## ५३ स्वास्थ्य तर्फ

स्वास्थ्य तर्फका वेहोराहरु देहाय बमोजिम रहेका छन ः

५३.१ **वेभसाइटमा सार्वजनिकरण** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट निम्न अनुसार खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३.२ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले वोलपत्र आह्घन गरि रु. ३४,५६,७११ शिलबन्दी दरभाउपत्रबाट रु. १७,२८,३२२ र सोझै खरिद रु. ७,९२,१८३ गरि जम्मा रु. ५९,७७,२१६ को औषधी खरिद गरेको पाइयो । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा पालना गरि औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

५३.३ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरीने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को बाँकी ४ न्यानो झोला जिम्मेवारी सारेकोमा यस वर्ष २४ थान न्यानो झोला खरिद गरि गरेको पाइयो । पालिका अन्तर्गत रहेका १ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका १७ जना सुत्केरी आमाहरुलाई १७ वटा वितरण गरी बर्थिङ्ग सेन्टरमा ११ थान र मौज्दात रहेको उल्लेख छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद तथा वितरण हुनुपर्दछ।

५३.४ **औषधीजन्य सामाग्रीको अभिलेख** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन। तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ।

## ५४ शिक्षा तर्फ

शिक्षा तर्फका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५४.१ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२ क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका २१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात ५ देखि ३६ सम्म रहेको प्राप्त विवरणमा उल्लेख छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो । अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४.२ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ३१ वटा वाल विकास केन्द्र मात्र भएका, ११ वटा आधारभूत विद्यालय, १० वटा माध्यमिक विद्यालयहरु गरी २१ विद्यालय सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका उक्त विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

| क्र स | तह र श्रेणी | दरबन्दी संख्या | स्थायी | राहत | करार | अनुदान | जम्मा | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल शिक्षक | ३१ | ० | ० | ० | ० | ३१ | ८५२ | १:२७ |
| २ | प्राथमिक तह | १५२ | १३५ | ७ | १० | ० | १५२ | २२०५ | १:१५ |
| ३ | निम्न माध्यमिक तह | ४७ | ३५ | ११ | १ | २ | ४९ | १५४३ | १:३३ |
| ४ | माध्यमिक तह | ३५ | २६ | ८ | १ | ८ | ४३ | १०६३ | १:३० |
| | जम्मा | २६५ | १९६ | २६ | १२ | १० | २७५ | ५६६३ | |

५४.३ **निःशुल्क शिक्षा** - नेपालको संविधानको अनुसूची- ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरेकोमा पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

५४.४ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको

एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र सं | विद्यालयलाई अनुदान | विद्यालय संख्या | रकम रु. |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक अनुदान | २१ | ३२३४८९७ |
| २ | छात्रवृत्ति अनुदान | २१ | ७०२००० |
| ३ | पुस्तकालय, आइसिटि र विज्ञान प्रयोगशाला अनुदान | १ | ६५०००० |

५४.५ **स्यानिटरी प्याड खरिद, वितरण र मौज्दात** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०३७ जना रहेका छन। पालिकाले यो वर्ष १२४०० थान स्यानिटरी प्याड रु. ९,९१,९०९ (मू.अ.कर समेत) मा खरिद गरेको छ । यसरी खरिद भएका स्यानिटरी प्याड के कति वितरण भए पालिकामा कति मौज्दात छ भने विवरण माग गरेको त्यस्तो विवरण प्राप्त हुन सकेन । यस सम्बन्धमा पालिकाले खरिद, वितरण र मौज्दातको अवस्था एकिन गर्नुपर्नु पर्दछ।

५४.६ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका २१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको तलब भत्ता समेतमा रु. १६,२९,४६,३७० दिवा खाजामा रु. ६१,५७,७०५ पाठ्यपुस्तकमा रु. ३२,३४,८९७ छात्राबृत्तिमा रु. ७,०२,००० र अन्य रु. २८,९३,५०० समेत संघीय सशर्तबाट रु. १७,६९,३४,४७२ र पालिका चालु शीर्षकबाट रु. १,७५,९२,६२३ समेत गरी जम्मा रु. १९,४५,२७,०९५ खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८१ मा ६३२६ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु. ३०,७५० लगानी भएको देखिन्छ। पालिकाले लगानी बमोजिम उपलब्धीमा जोड दिनुपर्दछ।

५४.७ **विज्ञान प्रयोशाला** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरीने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनुपर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत १ विद्यालयलाई आइसिटी ल्याव अनुदानमा रु. ६,५०,००० सरस्वती मा.वि. कमल ७ बिद्यालयको खातामा निकासा गएको छ । खरिद गरीएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरी केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरीएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनुपर्दछ।

५४.८ **विद्यालय सुधार योजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९ (१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहायका विद्यालयले विद्यालय सुधार योजना पेश गरेको नपाइएकोले विद्यालय सुधार योजनामा तोकिएका सम्पुर्ण विवरण अद्यावधिक गरी खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्दछ।

| सि. नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| ३ | श्री कालिका आ. वि . कमल १ | १५००० |
| ४ | श्री नवदुर्गा आ. वि . कमल २ | १५००० |
| ५ | श्री महेन्द्र रत्न मा. वि . कमल २ | २०००० |
| ८ | श्री कञ्चनजंघा आ. वि . ३ | १५००० |
| १० | श्री सरस्वती मा. वि . कमल ४ | २०००० |
| १२ | श्री सिद्धदेवी आ. वि . कमल ५ | १५००० |
| १४ | श्री मंगलमय मा. वि . ५ | २०००० |
| १५ | श्री गुह्येश्वरी आ. वि . कमल ५ | १५००० |
| १६ | श्री बाणी मा. वि . कमल ६ | २०००० |
| १९ | श्री सिंहदेवी आ. वि . कमल ७ | १५००० |
| जम्मा | | १७०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | १,७०,००० |
|---|---|

५४.९ **दिवा खाजा कार्यक्रम**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५४.१० **CTEVTE बाट संचालित विद्यालयको प्रगति अवस्था** - पालिकाले महेन्द्र रत्न मा.वि.लाई डिप्लोमा इन सिभिल इन्जिनियरीङ्ग कक्षा संचालन वापत रु ७ लाख र सरस्वति मा.वि.लाई भेटेरीनरी जेटीए र कृषि बाली बिज्ञान संचालनको लागी ७ लाख समेत १४ लाख अनुदान निकासा भएकोमा देहाय अनुसार भएको पाइन्छ।

| विद्यालयको नाम | वर्ष | विषय | विद्यार्थी भर्ना संख्या | परीक्षा सामेल | सेमिष्टर | अन्तिम परीक्षामा उत्तिर्ण संख्या |
|---|---|---|---|---|---|---|
| श्री महेन्द्र रत्न मा.वि. | २०७९ | प्रि डिप्लोमा तह सिभिल इन्जिनियरिङ | ९ | ३ | १८ महिने | १ |
| | २०८० | डिप्लोमा सिभिल इन्जिनियरिङ | २८ | १३ | प्रथम | ७ |
| | २०८१ | डिप्लोमा सिभिल इन्जिनियरिङ | १३ | १२ | दोश्रो | २ |
| | २०८२ | डिप्लोमा सिभिल इन्जिनियरिङ | १२ | ११ | तेश्रो | १ |
| | २०८२ | डिप्लोमा सिभिल इन्जिनियरिङ | १२ | ११ | चौथो | रिजल्ट आउन वाकी |
| | २०८२ | डिप्लोमा सिभिल इन्जिनियरिङ | १२ | ९ | पाचौ | रिजल्ट आउन वाकी |
| श्री सरस्वती मा.वि. | २०७९ | भेटेरिनरी जे टि ऐ | १५ | १४ | १८ महिने | ८ |
| | २०८० | भेटेरिनरी जे टि ए | ९ | ६ | १८ महिने | ० |
| | २०८१ | भेटेरिनरी जे टि ए | २० | १८ | १८ महिने | रिजल्ट आउन बाँकी |
| | २०७९र् | कृषि बाली विज्ञान | ६ | ६ | ३ बर्षको | २० (पुरक समेत) |
| | २०८० | ३ बर्षे कृषि बाली विज्ञान | ७ | ४ | ३ बर्षे | २४ (पुरक समेत) |
| | २०८१ | ३ बर्षे कृषि बाली विज्ञान | ३ | १ | ३ बर्षे | २ (पुरक समेत) |
| | २०८२ | बाली विज्ञान | २४ | | १८ महिने | चालु शैक्षिक सत्र |

उल्लिखित विवरणबाट दुवै विद्यालयमा विद्यार्थी संख्या न्यून मात्रमा भर्ना हुने परीक्षामा झन थोरै सामेल हुने र विद्यार्थी उत्तिर्ण संख्या अझ कम हुदै शुन्य सम्म भएकोले लगानीको अनुपातमा अपेक्षित प्रतिफल प्राप्त हुन सकेको देखिएन । लगानीको तुलनामाक अपेक्षित प्रतिफलको प्राप्ति तथा शैक्षिक गुणस्तर सुधार ल्याउन सरोकारवालहरुको ध्यान जानु पर्दछ।

५४.११ **पाठ्यपुस्तकमा बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,०६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,४६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४.१२ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

५४.१३ **स्थलगत अनुगमन** - महेन्द्ररत्न मा.वि.लाई विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम अर्न्तगत वृत्ति ल्याव संचालानको लागि रु. २४९४०७ अनुदान निकासा भएकोमा अनुगमनको क्रममा सो वृत्ति ल्याव संचालानमा आएको देखिएन । समयमै ल्याव संचालन गरी विद्यार्थी सिकाइको अवसर श्रृजना गर्नुपर्दछ।

## ५५ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

यस कार्यक्रमका लागि पालिका, प्रदेश सरकार तथा करुणा फाउण्डेशन समेतको लागानीमा रु. ६०५३९७५ को बजेट व्यवस्थापन गरेकोमा रु. ५३,१९,३०६ निकासा तथा खर्च भएको छ । यस कार्यको लागि कार्यक्रम सञ्चालनले अपाङ्ग व्यक्तिहरुको जीवन शैलीमा आएको सकारात्मक परिवर्तन, उनीहरु माथी समाजले राख्ने दृष्टिकोण, आर्थिक, सामाजिक, राजनैतिक जस्ता पक्षहरुमा आत्मनिर्भर बन्नका लागि गरीएका कार्यक्रमहरु ती क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानुनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगरेको तथा लक्ष्य र प्रगति विवरण पेश नगरेको शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघे ननाघेको, विधिको पालना भए नभएको र अपेक्षित प्रगति हासिल गरे नगरेको यकिन गर्न सकिएन । यस सम्बन्धमा अनुगमन प्रणाली प्रभावकारी नभएकोले अनुगमनबाट कार्यक्रमको उपलब्धीहरुबारे विस्तृत प्रतिवेदन तयार गरी पेश गरेको छैन । बैठक वापत भत्ता, खाजा खर्च, कर्मचारीहरुको तलब तथा अन्य सेवा सुविधा लगाएतका शीर्षकमा रकम खर्च भएको छ । कार्यक्रम सञ्चालन पश्चात अपाङ्गता बारे सामाजिक चेतनाको अभिवृद्धि, उद्यमशीलता तथा स्वावलम्बीको अभिवृद्धि, अपाङ्ग शिशुको जन्मदरमा के कति कमि आयो लगायतका मुख्य उद्देश्यहरु के कति हासिल भयो सो को मूल्यांकन भएको पाइएन । यस प्रकारको खर्चले सार्थकता प्राप्त गरे नगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ।

## ५६ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा सुचिकृत ९३८ बेरोजगार मध्ये यो वर्ष २८ योजना सञ्चालन गरी ६६ जनालाई औसत ६९ दिनले रोजगारी उपलव्ध गराई रु. ३०,४२,०७२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरीकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमूलक कार्यक्रममा केन्द्रित हुनपर्दछ।

| वार्ड नं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | आयोजनामा संलग्न कुल रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औसत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १४८ | ११ | ११ | ३०४ | २७.६३ | २०३०७२ | १८४६१.०९ | ७.४३ |
| २ | २११ | २२ | १९ | ५९० | ३१ | ३९४१२० | २०७४३.१६ | १०.४३ |
| ३ | १३४ | ९ | २१ | १०४४ | ४९.७१ | ६९७३९२ | ३३२०९.१४ | ६.७२ |
| ४ | १०२ | १२ | १४ | ५९० | ४२.१४ | ३९४१२० | २८१५१.४३ | ११.७६ |
| ५ | १४८ | ८ | १४ | ७८४ | ५६ | ५२३७१२ | ३७४०८ | ५.४१ |
| ६ | ९५ | ० | १८ | १०३७ | ५७.६१ | ६९२७१६ | ३८४८४.२२ | ० |
| ७ | १०० | ४ | ४ | २०५ | ५१.२५ | १३६९४० | ३४२३५ | ४ |
| जम्मा | ९३८ | ६६ | १०१ | ४५५४ | | ३०४२०७२ | २१०६९२.०४ | |

## ५७ करुणा फाउण्डेशन

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्विकृत बजेट तथा कार्यक्रम अनुसार अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालनको लागि गाँउपालिका, प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालको बराबर लागतमा सञ्चालन हुने गरी पालिका र करुणा फाउण्डेशन वीचमा मिति २०८१।०३।१४ मा भएको सम्झौता अनुसार यो कार्यक्रम २०८१।०४।०१ बाट देखि शुरु भई २०८४।०३।३२ सम्म रहने गरि कार्यक्रमको लागत साझेदारी कायम गरिने उल्लेख छ। सोहि बमोजिम यस वर्ष देहाय बमोजिम निकासा तथा खर्च भएको छ।

| निकाय | विनियोजित रकम | खर्च रकम |
|---|---|---|
| गाँउपालिका | २०१७९९२ | १७७३१०२ |
| कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय | २०१७९९२ | १७७३१०२ |
| करुणा फाउण्डेसन | २०१७९९२ | १७७३१०२ |
| जम्मा | ६०५३९७६ | ५३१९३०६ |

उल्लिखित रकमका सम्बन्धमा प्रदेश सरकार तथा करुणा फाउण्डेशनको रकम साझेदारीमा संचालन हुने भनी निर्धारण भएका विभिन्न कार्यक्रमहरु निर्धारित समयमै सम्पन्न हुने गरि तोकिका कार्यक्रमहरु समयमै सम्पन्न हुनुपर्दछ। साथै सञ्चालित कार्यक्रमबाट लाभग्राही समूह लाभान्वित भए नभएको र कार्यक्रमको उपादेयता सम्बन्धमा पालिकाबाट नियमित अनुगमन गरिनुपर्दछ।

## ५८ ठेक्का अभिलेख व्यवस्थापन

५८.१ **समग्र ठेक्काको अबस्था** - कार्यालय/आयोजनाले स्वीकृत कार्यक्रमअनुसार सार्वजनिक खरिद ऐन तथा नियमावलीलगायत अन्य प्रचलित कानुनबमोजिम निर्माण, बस्तु तथा सेवा खरिदका लागि ठेक्कापट्टाको सम्झौता गरी काम गराउने र त्यसको म.ले.प.फा.नं ५०७ मा अभिलेख राखी सम्झौताबमोजिमको काम सम्पन्न गराउनु पर्दछ । पालिकाबाट प्राप्त ठेक्का सम्बन्धी विबरण अनुसार यस आर्थिक वर्षमा निम्न अनुसार ठेक्कापट्टा गरी काम गराएको विबरण प्राप्त भएको छ।

| प्रकार | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाखसम्मका | रु १०-२० लाख सम्म | २० देखि ५० लाख सम्मका | ५० लाख भन्दा माथिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| उ.स. मार्फत | ५१ | ६० | ८२ | १६ | ४ | ० | ० | २१३ |
| ठेक्का मार्फत | ० | ० | ० | ० | ५ | १२ | १० | २७ |
| सोझै खरिद | ४७३ | ३४ | ३० | १३ | १ | ० | ० | ५५१ |
| जम्मा | ५२४ | ९४ | ११२ | २९ | १० | १२ | १० | ७९१ |

५८.२ **ठेक्काको व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.२५ देखि ३२.९३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।साथै पालिकाले उल्लिखित ठेक्का विवरण पेश भएकोमा कतिपय विवरण भरेको पाइएन । बाँकि अन्य ठेक्का के कति बाँकी छन एकिन गर्न सकिएन। ठेक्काको अभिलेख पूर्णरुपमा नखाख्दा कति ठेक्का अघिल्लो वर्षबाट यस वर्ष सरि आएका हुन यस वर्ष कति ठेक्का लगाइयो यस वर्ष कति सम्पन्न भए र आगामि वर्षको लागित कति ठेक्क सरेका छन एकिन गर्न सकिन। सो को अभिलेखलाई व्यवस्थित गर्न म.ले.प.फा. ५०७ (ठेक्काको बिवरण) भरि अभिलेखलाई व्यवस्थित वनाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.३ **खरिद अभिलेख** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५८.४ **डि.पि.आर. निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसार रू. २५,३५,१३१.९ को डि.पि.आर. तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वियन नहुने कार्यमा डी.पी.आर. तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मूल्यवृद्धि तथा

अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डि.पि.आर. निर्माणमा खर्च गर्नुपर्दछ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | 2081/82 मा विनियोजन रकम |
|---|---|---|---|---|---|---|
| १ | APF School | Delight Engineering consultancy | ९८७८०० | ९७४९९७.९ | ९४७१०६३६.२१ | ५०००००० |
| २ | संगठन तथा व्यवस्थापन सर्वेक्षण तयारी (पालिकाको दरबन्दि सृजना र मिलान ) | बजार विकास केन्द्र प्रा.लि. | ४९९२६७ | ४८२५१० | नखुल्ने | नखुल्ने |
| ३ | कमल खोलाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (नदिजन्य पदार्थको उत्खन्न ) | इकोग्रिन कन्सल्टेन्सी प्रा.लि. | ४४४८२८ | ४३८१०१ | नखुल्ने | नखुल्ने |
| ४ | पालिकाको पञ्चबर्षिय आवधिक योजना | स्थानीय विकास सहकार्य केन्द्र भद्रपुर झापा | ९९६६६० | ६३९५२३ | नखुल्ने | नखुल्ने |
| | | जम्मा | २९२८५५५ | २५३५१३१.९ | | |

५८.५ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांसमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

५८.६ **ठेक्का सम्बन्धि विवरण** - कार्यालय/ आयोजनाले स्वीकृत कार्यक्रमअनुसार सार्वजनिक खरिद ऐन तथा नियमावलीलगायत अन्य प्रचलित कानुनबमोजिम निर्माण, बस्तु तथा सेवा खरिदका लागि ठेक्कापट्टाको सम्झौता गरी काम गराउने र त्यसको म.ले.प.फा.नं ५०७ मा अभिलेख राखी सम्झौताबमोजिमको काम सम्पन्न गराउनु पर्दछ । कार्यालय/आयोजनाबाट प्राप्त ठेक्का सम्बन्धी विबरण अनुसार यस आर्थिक वर्षमा निम्न अनुसार ठेक्कापट्टा गरी काम गराएको विबरण प्राप्त भएको छ ।

| विवरण | विगत वर्षबाट सरी आएको संख्या | यो वर्ष सम्झौता गरिएको संख्या | कूल संख्या | विगत वर्षका यस वर्ष सम्पन्न संख्या | यो वर्ष सम्झौता गरी यसै वर्ष सम्पन्न संख्या | कूल सम्पन्न संख्या | आगामी वर्षहरुमा सम्पन्न गर्ने गरी सरेका संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | २+३= ४ | ५ | ६ | ५+6= ७ | ४-७= ८ |
| | ४ | २३ | २७ | ० | २० | २० | ७ |

उल्लिखित विवरण अनुसार गत बर्षबाट सरि आएको संख्या ४ रहेको मा त्यस्ता ठेक्का यस वर्ष कुनै पनि सम्पन्न भएनन। यस वर्ष लगाइएका २३ ठेक्का मध्ये २० मात्र सम्पन्न भएका छन। समग्रमा यस वर्ष ७ ठेक्का बाँकी रहेकोमा समयमै त्यस्ता ठेक्काहरु सम्पन्न गर्न पहल गर्नु पर्दछ।

५८.७ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ । प्राप्त विवरणअनुसार पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा त्यस्तो गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ। पालिकाले यस बर्ष रु. १८,४१,४२९ कन्टिन्जेन्सीमा खर्च गरेको सुत्र प्रणालीबाट देखिन्छ भने यस सम्बन्धि छुटै अभिलेख राखेको छैन। यस सम्बन्धमा उल्लिखित कानुन तथा कार्यविधिको पालना गरि खर्चको अभिलेखलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

५८.८ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ५९ गाउँपालिका पुजीगत- सार्वजनिक निर्माण तथा व्यबस्थापन

५९.१ **रित पूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रू.९१८८२०.४४ समेत रू. ७९८६६७८.८४ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

| गोभौनं./ मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ४७।०८२।२।२८ | नेम्वाङ्ग कन्स्ट्रक्सन, कमल-७ झापा | ६०५५३७४५५ | ०७ डटपेनले लेखेको | ९०१७४३ | १०३७४० |
| ५०।०८१।९।१६ | जे.के. सप्लायर्स, दमक | ६१६९११३९८ | केरमेट गरी पुनः१५१ डटपेनले लेखेको | २९०५९० | ३३४३० |
| १५२।०८१।१२।१२ | सारा श्रृष्टि निर्माण सेवा प्रा.ली., धनकुटा | ३०१५६६४१३ | ०१२ डटपेनले लेखेको | ६७९४३४५ | ७८१६५० |
| **जम्मा** | | | | ७९८६६७८ | ९१८८२० |

| प्रमाण पेश नगरेको | ९,१८,८२० |
|---|---|

५९.२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरण मूखी खर्चलाई निरूत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.२,८९,६७५.०० भुक्तानी दिएको पाईयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| भौ.न. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १४।०८१।६।२२ | न्यु पाथिभरा कम्प्युटर एण्ड रिपेरिङ सेन्टर, केर्खा | स्टेण्ड फेन खरिद | ३५८०० |
| १५।०८१।६।२२ | खनाल सप्लायर्स, केर्खा | तार, पिलास खरिद | २३७५० |
| ४७।०८१।९।११ | शुभलक्ष्मी फर्निचर, लक्ष्मी बिष्ट, मा पाथिभरा कम्प्युटर | प्रेसर कुकर, ग्यास आदी | १२१०८० |
| १९९।०८२।१।१६ | सरोज खनाल | गाडी मर्मत सम्बन्धी | १०९०४५ |
| जम्मा | | | २८९६७५ |

५९.३ **सार्वजनिक संरचना उपभोक्ता समिति मार्फत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको।

| **भौ.नं.** | **उपभोक्ता समिति** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २३०।०८१।१।३१ | २ नं. वडा कार्यालय कम्पाउण्डवाल निर्माण उ.स. | वडा कार्यालय कम्पाउण्ड निर्माण | ११७०००० |
| **जम्मा** | | | ११७०००० |

| | |
|---|---|
| अनियमित भएको | ११,७०,००० |

५९.४ **सब कन्ट्र्याक्टरबाट काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। नियम ९७(१३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यबसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यबस्था छ। कार्यालयले उपभोक्ता समितिसँग ग्राभेल गर्ने कार्य गर्न गरी सम्झौता गरेकोमा, उपभोक्ता समितिले देहायका निर्माण व्यावसायी मार्फत सवकन्ट्याकमा दिई काम गराएको देखियो। साथै उक्त बाटो ग्राभेल गर्दा सम्बन्धित प्राविधिकले पुरानो ग्राभेल भए नभएको सोको अवस्था बिश्लेषण नगरी नया ग्राभेलको लागि लागत अनुमान तयार गरेको देखिन्छ। अतः नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ।

| क्र सं | गो.भौ नं/ मिति | उपभोक्ताको नाम | कार्य | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | १८। ०८१।७। ५ | वडाका विभिन्न सडकहरू मर्मत उ.स.-२ | ग्राभेल कार्य | २९२५०० | त्रिशला कन्स्ट्रक्सन प्रा.ली. कमल-५ | २९९७७७ |
| २ | ०८१। ११।४ | सैनिक चोक देउकुमारको घर पश्चिम उ.स.-७ | ग्राभेल कार्य | २५३५०० | सम्निमा कन्स्ट्रक्सन, कमल-३ | २७३५१६ |
| ३ | २०३। ०८१।१। १७ | सिंहदेवी देवालय अगाडी बाटो मर्मत उ.स.-४ | ग्राभेल कार्य | २८९५६० | जे एण्ड जे निर्माण सेवा प्रा.ली दमक | ३००५८० |
| ४ | २११। ०८२।१। २२ | लामिछानेको घरबाट धाँधर जाने बाटो मर्मत उ.स.-१ | ग्राभेल कार्य | २९२५०० | हिमतारा पुर्वबहादुर बिकास कम्पनी प्रा.ली. ईटहरी | ३०८०१९ |
| ५ | २१३। ०८२।१। २३ | वरगाछी चौकबाट धाधरगाउँ जाने बाटो मर्मत उ.स.-१ | ग्राभेल कार्य | २९२५०० | हिमतारा पुर्वबहादुर बिकास कम्पनी प्रा.ली. ईटहरी, | ३१२९५० |
| ६ | २३२। ०८२।२। १ | सरस्वती मा.बि.दक्षिण सडक स्तरोन्नती क्रमागत निर्माण उ.स.-४ | ग्राभेल कार्य | ५८४८५० | लेछर्बो कन्ष्ट्रक्सन प्रा.ली., कमल, झापा | ६५०९७१ |
| ७ | ३०५। ०८२।२। २६ | कमल काफ्लेको घरबाट हरि बजगाईको घरसम्म बाटो मर्मत उ.स.-१ | ग्राभेल कार्य | २९२५०० | हिजाब कन्ष्ट्रक्सन प्रा.ली., कमल, झापा | ३०९१३४ |
| ८ | ३४८। ०८२।३। १२ | मिलन टोलका विभिन्न सडकहरू मर्मत उ.स.-२ | ग्राभेल कार्य | २९२५०० | त्रिशला कन्स्ट्रक्सन प्रा.ली. कमल-५ | ३१८६११ |
| ९ | ३५७। ०८२।३। १५ | विभिन्न सडक मर्मत उ.स.-७ | ग्राभेल कार्य | ३८९९९६ | न्यू निशा सप्लायर्स, दमक | ४२०३६० |
| १० | ३९१। ०८२।३। २२ | सगरमाथा कृषि मार्ग ग्राभेल उ.स.-२ | ग्राभेल कार्य | १९५००० | त्रिशला कन्स्ट्रक्सन प्रा.ली. कमल-५ | २१०९२५ |
| ११ | ४१९। ०८२।३। २५ | जितेन्द्र धिमालको घर जाने सडक उ.स.-७ | ग्राभेल कार्य | ४८६५०० | त्रिशला कन्स्ट्रक्सन प्रा.ली. कमल-५ | ५५५१२० |
| जम्मा | | | | ३६६१९०६ | जम्मा | ३९५९९६३ |

५९.५ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष देहाय अनुसार रू.४,७०,१७,०२१ का १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको

कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| ठेक्का नं. | निर्माण व्यबसायीको नाम | संझौता रकम | संझौता मिति | सुरू सम्पन्न गर्नुपर्ने मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| 26/KRM/SADHUHOLI/2077/078 | MBA HENA CONSTRUCTION JV, JHAPA | ४,७०,१७,०२१ | २०७८।५।३१ | २०७९।११।२७ | २०८२।११।२७ सम्प | तेस्रो पटक म्याद थप गर्दा पनि कार्य अुधरो रहेको |

५९.६ योजना छनौट एबं कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ताकार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

५९.७ **कोटेशन मार्फत कार्यमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट यस आर्थिक बर्षमा निम्न प्रकारका निर्माण सम्बन्धी कार्यहरू कोटेशन मार्फत गरेको देखिन्छ। उक्त निर्माण कार्यहरूमा कोटेशन मार्फत गर्दा ०.०८ प्रतिशत देखि २.४८ प्रतिशतसम्म मात्र घटीमा कार्य संझौता गरेको देखिन्छ। सोही प्रकृतिका कार्यहरू यस पालिकामा ई-बिड मार्फत गर्दा ३२ प्रतिशत सम्म घटीमा संझौता भएको अवस्था छ। पालिकाले यस आर्थिक बर्षमा कोटेशन मार्फत गरेका कार्यहरूमा लागत अनुमान भन्दा न्युन मात्र घटी कबोल गरेको अवस्थामा सम्झौता गरी कार्य गरेको देखिन्छ। नमुना छनौटका रूपमा परिक्षण गर्दा निम्न प्रतिशत मात्र घटी कबोलमा कार्य सम्पन्न भएका योजनाहरू यस प्रकारका रहेको देखिन्छ।

| क्र.स. | योजनाको नाम | सम्झौता | लागत अनुमान | सम्पन्न रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पाडाजुंगी गौरीगंज सडकमा सडक बत्ति जडान कार्य | श्रीजना स्टोर्स | ९९८२६६ | ९८१४५१ | १.६८ |
| २ | ज्योती नगर सडक स्तरोन्नती | त्रिशला कन्स्ट्रक्सन | ९९९४७८ | ९७५०२७ | २.४४ |
| ३ | केरखा बजारको फाउनटेनमा ग्रेनाइट | निर ईन्जिनियरिङ्ग प्रा.ली. | ४५७६१५ | ४५२४५३ | १.१२ |
| ४ | वडा नं. ५ का विभिन्न बाटोहरू निर्माण | बिज्ञान कन्स्ट्रक्सन | ३९४८३० | ३९३२५९ | ०.३९ |
| ५ | वडा नं. ३ मर्मत सम्भार र ड्रेन निर्माण | बिग बि कन्सल्टेन्ट एण्ड बिल्डर्स | ८९११८३ | ८८८९३८ | ०.२५ |
| ६ | फ्यान खरिद | टक्सेल कन्स्ट्रक्सन | ९९८८२७ | ९९८००० | ०.०८ |
| ७ | नव प्रगती मार्ग हुदै स्मारिका बोडिङ्ग जाने पुर्वको बाटो मर्मत | पुस्कार निर्माण सेवा, बिर्तामोड | ३९९६८२ | ३९४६१८ | १.२६ |
| ८ | बिबिन्न माटो मर्मत वडा-५ | हिजाब कन्स्ट्रक्सन प्रा.ली., कमल | ३९९६४३ | ३९५१५५ | १.१२ |
| ९ | वडा कार्यालय र परिसर निर्माण | त्रिशला कन्स्ट्रक्नस प्रा.ली. कमल | १४६४०६७ | १४२७७३० | २.४८ |

५९.८ **सडक बत्ति व्यबस्थापन** - गाउँपालिका पुजीगत- सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रू. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमसम्मत देखिएन।

| **गो.भा.न.\ मिति** | **विवरण** | **परिमाण** | **भुक्तानीकर्ता** | **रकम** | **खरिद माध्यम** |
|---|---|---|---|---|---|
| ५०।०८१। ९।१६ | सडक बत्ति खरिद वडा ५ | ९५ थान लगायत अन्य | जे.के.सप्लार्यस, दमक-८ | २९०५९० | कोटेशन |
| ५२।०८१। ९।१६ | सडक बत्ति खरिद वडा २ | १०६ थान लगायत अन्य | भैरब ईन्टरनेशनल, दमक-८ | २९६१७२ | कोटेशन |
| ११३।०८१। ११।१८ | सडक बत्ति खरिद वडा ५ र ६ | ४० थान लगायत अन्य | श्रृजना स्टोर्स, सुरूङ्गा बजार, झापा | ५४२५५३ | कोटेशन |
| ३२५,२४। ०८२।३।३ | सडक बत्ति खरिद वडा ५ | ४६ थान लगायत अन्य | एस.पी.एस. कन्सलटेन्सी एण्ड कन्स्ट्रसन प्रा.ली., कमल-५ | ७५९४४२ | कोटेशन |
| ४०८।०८२। ३।२४ | सडक बत्ति खरिद तथा निर्माण वडा -६ | ५४ थान लगायत अन्य | शुभ लाभ ट्रेडलिंक, दमक-६ | ७३७४९६ | कोटेशन |
| | | | जम्मा | २६२६२५३ | |

| | |
|---|---|
| अनियमित भएको | २६,२६,२५३ |

५९.९ **जग्गाको स्वामित्व** - गाउँपालिकाले सार्वजनिक भवन निर्माणका लागि बजेट बिनियोजन एबं खर्च भएकोमा सो जग्गाको स्वामित्व सम्बन्धित संस्थामै रहेको जग्गाधनी प्रमाण पुर्जा पेश गरेको पाइएन।यसबाट संरचना निर्माण भएको जग्गाको स्वामित्व संस्थामा रहेको यकीन गर्ने आधार छैन।पालिकाले गरेका अन्य सार्वजनिक निर्माणमा समेत जग्गाको स्वामित्व सुनिश्चित गरेरर मात्रै निर्माण कार्य गर्नुपर्ने देखिन्छ।जग्गाको स्वामित्व सुनिश्चिच नगरेका यसका केहि उदाहरणहरू देहाय बमोजिम छन्।

| भौ नं./मिति | विवरण | लागत अनुमान रू | भुक्तानी रकम रू | कैफियत |
|---|---|---|---|---|
| २२०।०८२।१।२५ | धरधरे सामुदायिक भवन घेरावारा वडा ७ | ५२५५९६ | २९२५०० | निर्माणाधिन अवस्थामा रहेको |
| ३६१।०८२।३।१६ | किरातेश्वर मन्दिर उ.स. | ७६२९२० | ४८७५०० | |
| ४२९।०८२।३।२५ | राधाकृष्ण मन्दिर वडा नं.५ | ८०४२९० | ५८५००० | |
| जम्मा | | २०९२८०६ | १३६५००० | |

५९.१० **पिएस आईटम** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। कार्यालयले निम्न योजनाको लागि पिएसमा भएको आईटको भुक्तानी गर्दा फोटोकपी बिजक आधारमा भुक्तानी गरेको देखिन्छ। उक्त कार्य यस योजना भएको हो होइन सो सम्बन्धमा स्पष्ट हुन सकिएन। तर्सथ उक्त कार्य भएको सक्कल बिजक पेश गर्नुपर्दछ।

| ठेक्का नं. | योजना | भुक्तानी | सम्पन्न रकम | कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 16/KRM/ROAD/2081/082 | नहर चोक-गौरादह ९ जोड्ने सडक | श्रेष्ठ सिएम कन्स्ट्रक्सन प्रा.ली.,झापा | ३३३०३७६.७५ | Relocationof Service/Minor Infrastructure on other relevant unforeseen works | ३५१८२०.६३ |
| | | | | जम्मा | ३५१८२०.६३ |

| प्रमाण पेश नगरेको | ३,५१,८२०.६३ |
|---|---|

६० **नमुना बिद्यालय**

कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने - शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन कार्यवधि २०८१।८२ को दफा २.३.८ को क्रियाकलापन नं ११.१.२.२९८० को बुदा नं ८.१ अनुसार स्थानीय तहले नमुना विद्यालय सुधार गुरूयोजना अनुरूप भौतिक निर्माण अनुदान कार्यको लागि यस वर्ष रू.१ करोड बजेट प्राप्त भएकोमा पालिकाले श्री कमला मदन आश्रित स्मृति मा.बि. क्याम्पा विद्यालयलाई गो.भौ.नं. १६।२०८१।११।१२ बाट रू.१५,००,०००.००, गो.भौ.न.२९।०८१।१२।२५ बाट रू.२१,४४,०८५.०० र गो.भौ.नं. ५३।२०८२।३।१५ बाट रू.६३,५५,९१५.०० गरी रू.१,००,००,०००.०० रोक्का रहने गरी बिद्यालयको खातामा निकासा गरेको छ। सो सम्बन्धी अन्य थप प्रमाणहरु लेखापरीक्षणको क्रममा नदेखिएकोले पालिकाले उक्त निकासा रकमको कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था वमोज़िम निर्माण कार्यको ठेक्का प्रक्रिया सहितको नापी कितावं, कार्य सम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्नु पर्दछ।

| प्रमाण पेश नगरेको | १,००,००,००० |
|---|---|

६१ **लखनपुर स्वास्थ्य चौकी भवन निर्माण**

६१.१ ठेक्का नं. 14/KRM/HealthPost/2080-81 बाट Construction of Lakhanpur Primary Health Post Building Ward-6 निर्माण कार्यको लागि रू.४,११,९८,४२९.६४(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी चारआली\मा पाथीभरा\ईनोभेसन जे.भी., मेचीनगरसंग मिति २०८२।९।२५ मा सम्पन्न गर्ने गरी रू.२,७९,४४,६८६.६५(पिए र भ्याट समेत) मिति २०८०।१०।२५ मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम यस आर्थिक बर्षमा(तेस्रो-छैठौ बिलसम्म) रू.१,६५,७१,०६३.८८ भुक्तानी भएको छ भने हालसम्म जम्मा रू.२,०६,१०,१०३.५० भुक्तानी भएको देखिन्छ र उक्त योजनाको पेश्की फर्छौट गर्न बाकी रकम रू.८,००,०००.०० रहेको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छनः-

६१.२ **सिल र लिन्टेल व्यान्ड**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ। पालिकाले उक्त भवन निर्माण गर्दा ईटाको कार्यको नापी गर्दा ढोका तथा झ्यालको सिल र लिन्टेल व्यान्डको परिमाण सहितको गणना गरी नापी गरेको देखिन्छ। उक्त निर्माण कार्य रनिङ्ग अवस्थामा रहेको हुदा आगामी बिल भुक्तानी गर्दा वास्तविक परिमाणको गणना गरी सिल र लिन्टेल व्यान्डको परिमाण घटाएई नापी किताबमा चढाउनु पर्दछ र सोही अनुसार भुक्तानी गर्नुपर्ने देखिन्छ।

६१.३ बिमा- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। उक्त निर्माण कार्यको लागि संझौता मिति २०८०।१०।५ मा भएकोमा सो कार्य लागि बिमा पोलिसी मिति २०८१।१।२४ देखि लागु हुने गरेको अवस्थामा पोलिसी रकम रू.१,४२,१३१.०० भुक्तानी गरेको देखिन्छ। बिमा पोलिसी सम्झौता मिति देखि लागु हुने गरी गर्नुपर्नेमा सो भन्दा ३ महिना ढिला गरेको अवस्थामा समेत बिमा पोलिसी वापतको रकम पुर्ण भुक्तानी गरेको छ। पालिकाले ढिला अवधि देखि लागु हुने गरी बिमा पोलिसी गरेकोले सो अवधिको गणना गरी उक्त भुक्तानी गर्ने रकममा कट्टी गर्नुपर्दछ।

६१.४ **प्रोग्राम अपडेट**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२ **गुरूङ्ग टोल सडक कालोपत्रे(ठेक्का नं.03/KRM/ROAD/2081/082)**

Construction of Asphalt Concrete Road in Gurung Tole कार्यको लागि प्रदेश समपुरक बजेट ५० लाख प्राप्त भई सो अनुसार रू.९६,७२,८५४.५९(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी छाया भरत कन्स्ट्रक्सन, कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., झापासंग मिति २०८१।१२।३१ मा सम्पन्न गर्ने गरी रू.७२,९३,२८४.२८(पिए र भ्याट समेत) मिति २०८१।०७।२६ मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम रू.७७,१४,९५०.०० भुक्तानी गरी मिति २०८१।१२।२० मा कार्य सम्पन्न भएको देखिन्छ।

**प्रदेश समपुरक बाँडफाँड-** कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(२) मा प्रदेश सरकारले आयोजनाको प्रकृति, प्राथमिकता, दिगोपना र सम्भाव्य उपलब्धीको आधारमा कूल लागतको बढीमा ६० प्रतिशत अंश व्यहोर्ने गरी समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ। सो अनुसार आयोजनामा खर्च भएको रकममध्ये बढीमा ६० प्रतिशतसम्म प्रदेश सरकारबाट र बाँकी पालिकाबाट खर्च लेख्नुपर्ने देखिन्छ। उक्त निर्माण कार्य कार्यसम्पन्न रू.७७,१४,९५०.०० मा भएको देखिन्छ। सोको आनुपातिक रूपमा प्रदेश सरकारको

तर्फबाट रू.४६,२८,९७३.०० र पालिकाको तर्फबाट रू.३०,८५,९७७.०० भुक्तानी हुनुपर्नेमा प्रदेश सरकारको तर्फबाट मात्र रू. ४९,००,०००.०० भुक्तानी गरेको देखिन्छ। प्रदेश सरकार तर्फको बढी भुक्तानी भएको रकम रू. २,७१,०२७.०० प्रदेश सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७१,०२७ |

६३ **कमल नगर हस्पिटल ट्रस निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७५,६६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४ **पाथीभरा मार्ग सडक निर्माण(ठेक्का नं.01/KRM/ROAD/2081/082)**

Construction of BlackTopped Road on Pathivara Marga Ward no.5 कार्यको लागि प्रदेश समपुरक बजेट ५० लाख प्राप्त भई सो अनुसार रू.९६,७०,६५६.१४(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी छाया भरत कन्स्ट्रक्सन, कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., झापासंग मिति २०८१।१२।३१ मा सम्पन्न गर्ने गरी रू.७०,९१,४२७.८४(पिए र भ्याट समेत) मिति २०८१।०७।२६ मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम रू.७०,७७,८५३.८५ भुक्तानी गरी मिति २०८१।१०।०३ मा कार्य सम्पन्न भएको देखिन्छ।

**प्रदेश समपुरक बाँडफाँड-** कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(२) मा प्रदेश सरकारले आयोजनाको प्रकृति, प्राथमिकता, दिगोपना र सम्भाव्य उपलब्धीको आधारमा कूल लागतको बढीमा ६० प्रतिशत अंश व्यहोर्ने गरी समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ। सो अनुसार आयोजनामा खर्च भएको रकममध्ये बढीमा ६० प्रतिशतसम्म प्रदेश सरकारबाट र बाँकी पालिकाबाट खर्च लेख्नुपर्ने देखिन्छ। उक्त निर्माण कार्य कार्यसम्पन्न रू.७०,७७,८५३.८५ मा भएको देखिन्छ। सोको आनुपातिक रूपमा प्रदेश सरकारको तर्फबाट रू.४२,४६,७१२.३१ र पालिकाको तर्फबाट रू.२८,३१,१४१.५४ भुक्तानी हुनुपर्नेमा प्रदेश सरकारको तर्फबाट मात्र रू. ४६,००,०००.०० भुक्तानी गरेको देखिन्छ। प्रदेश सरकार तर्फको बढी भुक्तानी भएको रकम रू.३,५३,२८७.६९ प्रदेश सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५३,२८७.६९ |

६५ **क्याम्पा- छाता चोक-समयगढी-सुनारा जोड्ने सडक कालोपत्रे**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **महेन्द्र रत्न मा.बि.**

ठेक्का नं. 20/KRM/SCHOOL/2081/082 बाट Tender for Construction and Maintenance of Football Ground, Basketball Court and Entrance Gate at Mahendra Ratna MaBi निर्माण कार्यको लागि रू.३६,६५,२०६.१७(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत बोलपत्र आव्हान मिति २०८१।१०।९ मा गरेकोमा सो बोलपत्रमा कुनै पनि प्रतिस्पर्धी बिड गर्न नआएकोले पालिकाले पुनः मिति २०८१।११।१२ को सुचना बमोजिम हार्ड कपी बोलपत्र गरेको देखिन्छ। पनुः दोस्रो पटक गर्ने ई-बिड मार्फतनै गर्नुपर्नेमा सो नगरी हार्ड कपी बोलपत्रको माध्यमबाट १ निर्माण व्यबसायी\फर्मले मात्र बिड गरेको देखिन्छ र सो लागत अनुमान भन्दा ०.५१ प्रतिशतले मात्र घटीमा बिड गरेको अवस्था छ। उक्त निर्माण श्री शिव पाओर कन्स्ट्रक्सन प्रा.ली., कमल-५ दमकसंग मिति २०८२।०३।१० मा सम्पन्न गर्ने गरी रू.३६,४६,५८८.८९(पिए

र भ्याट समेत) मिति २०८१।१२।३० मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम रू.३३,६०,०२७.५७ भुक्तानी गरी मिति २०८२।३।९ मा कार्य सम्पन्न गरेको देखिन्छ।

उक्त योजनामा बास्केटबल कोर्टको ग्राउण्ड पेन्टिङ्गमा Apply 2-3 layers Acrylic or Polyurethane Coating Non-Slip and Weather-resistance for Basketball Court कार्यलाई लमसममा रू.५०,०००.०० राखी भुक्तानी गरेको देखिन्छ। उक्त योजनामा प्राविधिक टिमसहितको स्थलगत योजनामा जादा उक्त कार्य गुणस्तरयुक्त नदेखिएको, सोकार्यमा राम्रोसंग पेन्टिङ्ग नटासिएको र पेन्टिङ्गको अवस्था मेटिन लागेको देखिन्छ। उक्त योजना डिएलपी अवधिभित्र रहेको हुदा उक्त त्रुटी सच्याउने दायित्व सम्बन्धित निर्माण व्यबसायीलाई हुने हुदा उक्त कार्य थप गुणस्तर सहित गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

६७ **प्रशासकिय भवन निर्माण**

६७.१ ठेक्का नं. 25/KRM/ADMINBUILDING/2080/081 बाट Construction of Administration Building Kamal Rural Muncipality निर्माण कार्यको रू.८,३५,९८,५५४.१६(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी सारा श्रृष्टी निर्माण सेवा प्रा.ली., धनकुटासंग मिति २०८३।४।७ मा सम्पन्न गर्ने गरी रू.६,०१,३९,७४३.०२(पिए र भ्याट समेत) मिति २०८१।५।२६ मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम यस आर्थिक बर्षमा पेश्की रकम रू.१,०२,००,०००.०० र पहिलो रनिङ्ग बिल वापत रू.९७,९४,०३०.०० गरी जम्मा रू.१,९९,९४,०४३.७४ भुक्तानी गरेको देखिन्छ।

६७.२ **बैंक जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। उक्त निर्माण कार्यको कार्य सम्पादन जमानत राष्ट्रिय वाणिज्य बैक, धनकुटा शाखाको रू.८४,६६,३००.०० को मिति २०८४।५।२७ सम्मको रहेको देखिन्छ। तर उक्त योजनाको संझौतामा त्रुटी सच्याउने दायित्व अर्थात डिएलपी पिरियड १३ महिनाको रहेको छ भने सो पश्चात कम्तीमा १ महिना बढी अवधिसम्मको बैंक जमानत अवधि भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेमा सो अवधि भन्दा कम अवधिको बैंक जमानत पेश भएको देखिन्छ। तर्सथ संम्झौतामा भएको व्यबस्था बमोजिम बैंक जमानतको म्याद थप गराउनुपर्दछ।

६७.३ **डिपिआर भन्दा बढी परिमाण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नम्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यबस्था छ। कार्यालयले उक्त योजना निर्माणका लागि डिपिआर तयार गरेको छ। उक्त डिपिआरको ड्रईग डिजाईन तथा लागत अनुमानमा रेनफोर्समेन्ट\रड ११०.४९ मेट्रिक टन लाग्ने भनी डिपिआर तयार भएकोमा सोको बिडका लागि तयार गरेको लागत अनुमानमा ११५.१३ मेट्रिक टन रड लाग्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार बिड गरेको देखिन्छ। परामर्शदाताबाट तयार गरेको डिपिआर भन्दा रड बढी परिमाण खपत हुने गरी लागत अनुमान तयार गर्दा सोको प्राविधिक पुष्ट्राई संलग्न राखेको देखिएन। अतः डिपिआर भन्दा उक्त परिमाण बढी परिमाण खपत हुनको प्राविधिक पुष्ट्राई पेश गर्नुपर्दछ।

६८ **नगर अस्पताल तर्फ**

नगर अस्पताल तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

६८.१ **अस्पतालको कर्मचारी दरवन्दी** - अस्पतालबाट प्राप्त विवरण अनुसार जम्मा २० दरवन्दि स्विकृत भएकोमा ४ स्थायी समेत १६ दरवन्दि मात्र पदपूर्ति भएको पाईयो । अस्पतालको सेवा प्रवाहलाई मध्यनजर गरि रिक्त दरवन्दि नियमानुसार पदपूर्ति हुनुपर्दछ।

६८.२ **अस्पतालको सेवा प्रवाह** - अस्पतालमा यो वर्ष विभिन्न सेवाका लागि उपचारको लागि देहाय अनुसार सेवा लिन विरामी आएको देखियो । स्थलगत निरीक्षणको क्रममा अस्पतालमा आउनेलाई २ काउण्टर मार्फत टिकट काटी सेवा प्रावह गरेको देखियो । आ.व.

२०८१/०८२ मा प्रदान गरेको मुख्य सेवाहरु देहाय बमोजिम रहेको विवरण प्राप्त भएको छ। अस्पतालको सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | बिवरण | इकाई | जम्मा संख्या |
|---|---|---|---|
| १ | ओ.पि.डि. सेवा | जना | २५२९७ |
| २ | आकस्मिक सेवा | जना | ४२३ |
| ३ | एक्स-रे सेवा | जना | १६३६ |
| ४ | भिडियो एक्स-रे सेवा | जना | ० |
| ५ | इ.सि.जि. सेवा | जना | ५८२ |
| ६ | नर्मल डेलिभरी | जना | १७ |
| ७ | गर्भपतन सेवा | जना | ३५ |
| ९ | प्रयोगशाला | जना | २५७१ |
| ११ | निःशुल्क स्वास्थ्य सेवा | जना | ८९ |
| १३ | दन्त सेवा | जना | ६६० |
| १४ | मानसिक स्वास्थ्य | जना | ४०७ |

